नेपालको लगातार तेस्रो हार । ८

काठमाण्डु गोर्खाजमा काउन्टी खेल्ने अलराउन्डर । ८




नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर



वर्ष ३३ अंक २४९ काठमाडौं | १६ कात्तिक २०८२ आइतबार कार्तिक शुक्लपक्ष द्वादशी | नेपाल संवत् ११४६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Sunday, November 2, 2025 | पृष्ठ ८ | १० रुपैयाँ

# सिँचाइका १८ ठेक्का तोडिए, सडकका २०८ र झोलुंगे पुलका ६ ठेक्का पनि तोड्ने प्रक्रियामा

## पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको गृहजिल्ला झापाको कन्काई पुल नै १४ वर्षदेखि अलपत्र, पूर्वमन्त्री र निर्माण व्यवसायी महासंघ अध्यक्षकै ठेक्का तोडिँदै

**विमल खतिवडा** (काठमाडौं)

पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको गृहजिल्ला झापाको कन्काई पुलको ठेक्का लागेको १४ वर्ष भयो । अहिलेसम्म प्रगति ५६ प्रतिशत मात्रै छ । जबकि यो बीचमा ओली चार पटक प्रधानमन्त्री भएका छन् ।

७ सय २५ मिटर लामो पुल बनाउन २९ जेठ २०६८ मा सम्झौता गरिएकामा २९ जेठ २०७२ मा काम सकिसक्नुपर्ने हो । जसको ठेक्का पप्पु-महादेव खिम्ती कम्पनी जेभीले ३४ करोड ९ लाखमा लिएको हो । जेन-जी आन्दोलनपछि बनेको सरकारले यो रुग्ण आयोजनाको ठेक्का तोड्न प्रक्रिया अगाडि बढाएको छ । यसका लागि हुलाकी राजमार्ग निर्देशनालयअन्तर्गत इटहरी योजना कार्यालयले १५ दिनको समय दिएर गत असोज ३१ मा सार्वजनिक सूचना जारी गरेको छ ।

सडक विभागका अनुसार बुधबारसम्म २ सय ८ वटा रुग्ण ठेक्का किन नतोड्ने भन्दै सूचना निकालिएको छ । सूचना निकालेपछि निर्माण व्यवसायीले काम गर्न तदरुकता नदेखाए ठेक्का तोडिने सडक विभागका प्रवक्ता श्यामबहादुर खड्काले बताए । 'काम नगरे ठेक्का तोड्ने कुरा सम्झौतामै उल्लेख हुन्छ, ठेक्का तोडेपछि बाँकी निर्माण गर्न जति खर्च लाग्छ, त्यही निर्माण व्यवसायीबाट सरकारी बाँकी सरह असुलउपर गरिन्छ,' उनले भने, 'कार्यसम्पादन जमानत पनि जफत गरिन्छ ।' त्यसपछि सार्वजनिक खरिद अनुगमन कार्यालयमा कालोसूचीमा राख्न लेखेर पठाइने उनले बताए । बाँकी पृष्ठ ६



तस्बिर : पर्वत पोर्तेल/कान्तिपुर

**ठेक्का लागेको १४ वर्षसम्म पनि अधुरै रहेको झापाको कन्काई पुल । पप्पु-महादेव खिम्ती कम्पनीले जेभीले २९ जेठ २०६८ मा गरेको सम्झौताअनुसार यो पुलको काम २९ जेठ २०७२ मै सकिनुपर्ने हो । तर निर्माणमा प्रगति नभएपछि ठेक्का तोड्नका लागि १५ दिने समय दिएर ३१ असोजमा सूचना निकालिएको छ ।**

## भित्र

### धान किसानका दु:ख: रोप्ने बेला खडेरी, थन्काउने बेला झरी



- देशको अन्न भण्डार मानिने मधेश प्रदेशमा यस वर्ष बर्खामै खडेरी परेपछि धान रोपाइँ नै ढिलो भयो, ढिलाइका कारण उत्पादन घट्नेमा चिन्तित रहेका किसान धान भित्र्याउने बेलामा झरी परिदिएपछि थप चिन्तामा छन्

### मुद्रण केन्द्रबाट छापिँदै पुराना १२ लाख लाइसेन्स, नयाँ लाइसेन्सको सेवा सोमबारदेखि



- यातायात व्यवस्था विभाग र सुरक्षण मुद्रण केन्द्रबीच बिहीबार समझदारीपत्रमा हस्ताक्षर, मुद्रण केन्द्रले ६ महिनाभित्र १२ लाख लाइसेन्स छापेर विभागलाई उपलब्ध गराउने

# सम्पत्ति शुद्धीकरण अनुसन्धानमा शीर्ष नेताको विवरण संकलनमै अलमल

- राष्ट्र बैंकले खाता विवरणमात्रै पठायो
- सेयर, कम्पनी र घरजग्गाको विवरण अझै आएन

**मातृका दाहाल** (काठमाडौं)

सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धानमा तानिएका तीन पूर्वप्रधानमन्त्री, दुई पूर्वमन्त्रीलगायतको चलअचल सम्पत्ति छानबिनमा सरकारी निकायले अलमल गरेका छन् । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले आरोपित व्यक्तिको विवरण माग गर्दै चार निकायमा पत्राचार गरेको थियो । अहिलेसम्म राष्ट्र बैंकले मात्र विवरण उपलब्ध गराएको छ । त्यसमा पनि बैंक खाता संख्या मात्र उल्लेख छ ।

जेन-जी आन्दोलनको जगमा नागरिक सरकार गठन भएपछि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले पूर्वप्रधानमन्त्रीहरू शेरबहादुर देउवा, केपी शर्मा ओली र पुष्पकमल दाहाल, पूर्वपरराष्ट्रमन्त्री आरजु राणा देउवा, पूर्वऊर्जामन्त्री दीपक खड्का, देउवा दम्पतीका छोरा जयवीरसिंह देउवा र पूर्वपरराष्ट्रमन्त्री राणाका भाइ भूषण राणाको सम्पत्तिको छानबिन सुरु गरेको थियो ।

विभागले उनीहरू र नजिकका नातेदारका नाममा रहेको जग्गा, कम्पनी, सेयरको विवरण माग्दै क्रमशः भूमि व्यवस्थापन तथा अभिलेख विभाग, कम्पनी रजिस्ट्रार कार्यालय र नेपाल धितोपत्र बोर्डलाई पत्र लेखेको थियो । विभागले राष्ट्र बैंकसँग भने बैंक खाता र कारोबार विवरण मागेको थियो । १२ असोजमा कम्पनी रजिस्ट्रार कार्यालय र राष्ट्र बैंक तथा ३० असोजमा भूमि व्यवस्थापन तथा अभिलेख विभाग र नेपाल धितोपत्र बोर्डलाई पत्राचार गरिएको थियो । 'राष्ट्र बैंकले बैंक खाताको विवरण पठाएको छ । अन्य निकायबाट केही पनि विवरण आएको छैन,' विभागका एक अधिकारीले भने ।



शेरबहादुर देउवा



केपी शर्मा ओली



पुष्पकमल दाहाल

लामो समय सत्तामा रहेका नेता र तिनका नातेदारले गैरकानुनी सम्पत्ति आर्जन गरी शुद्धीकरण गरेको आरोप लाग्दै आए पनि अनुसन्धानको दायरामा ल्याइएको थिएन । गत २४ भदौमा प्रदर्शनकारीले पूर्वप्रधानमन्त्रीहरू देउवा र दाहाल तथा पूर्वमन्त्री खड्काको निवास आगजनी गर्दा जलेका नोटका भिडियो र तस्बिर सामाजिक सञ्जालमा छ्यापछ्याप्ती भएका थिए । विभागले देउवा, दाहाल र खड्काको घरमा पुगी मुचुल्का उठाएको थियो । त्यस बेला संकलित नोट लगायतका सामग्री जाँचका लागि विधि विज्ञान प्रयोगशालामा पठाइएको थियो । विभागले त्यसको रिपोर्ट माग्दै प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोलाई १२ असोजमै पत्राचार गरेको थियो । तर ब्युरोबाट रिपोर्ट आइनसकेको विभागका एक अधिकारीले जानकारी दिए ।

१२ असोजमै विभागको टोलीले पूर्वपरराष्ट्रमन्त्री राणाका भाइ भूषण राणाको जावलाखेलस्थित निवासमा छापा मारेर कागजात तथा उपकरण नियन्त्रणमा लिएको थियो । धितोपत्र बोर्डका अध्यक्ष सन्तोषनारायण श्रेष्ठले विभिन्न निकायबाट आएका पत्रहरू कर्मचारी आन्दोलनका कारण दर्तासमेत हुन नपाएको बताए । बाँकी पृष्ठ ६

# मतदाता सूचीमा थपिए ९३ हजार

## १८ वर्ष उमेर पुगेकाले अब १५ दिनभित्र नाम दर्ता गराइसक्नुपर्ने

**राजेश मिश्र** (काठमाडौं)

कानुन संशोधन गरेर सूचीकृत हुन समय तोकिएपछिको करिब एक महिनामा ९३ हजार ३ सय ५१ नयाँ मतदाता थपिएका छन् । १२ असोजदेखि नयाँ मतदाता विवरण सूचीकृत सुरु भएको थियो ।

१५ कात्तिकसम्म थपिएका नयाँ मतदातामा ५६ हजार ७ सय १८ पुरुष, ३६ हजार ६ सय २६ महिला र अन्य ९ जना छन् । मतदाताका लागि नाम दर्ता गर्न आयोगले ३० कात्तिकसम्मको समयसीमा तोकेकाले अब दुई साताको अवधि बाँकी छ ।



**काठमाडौंको मीनभवनस्थित निर्वाचन आयोगको कार्यालयमा नयाँ मतदातामा सूचीकृत हुनेको तस्बिर खिचिँदै ।** तस्बिर : कान्तिपुर

आयोगले अनलाइनबाटै व्यक्तिगत विवरण भर्ने र नजिकको निर्वाचन कार्यालयमा गएर फोटो खिचाउने तथा बायोमेट्रिक दिने व्यवस्था मिलाएको छ । आयोगको वेबसाइट वा नागरिक एपमा रहेको आयोगको 'लिंक' मार्फत व्यक्तिगत विवरण भर्नुपर्नेछ । अनलाइनमार्फत नै आफूलाई सुविधा हुने निर्वाचन कार्यालयमा फोटो खिचाउने समय लिनुपर्नेछ । जेन-जी आन्दोलनपछि २७ भदौमा प्रतिनिधिसभा विघटन भएर २१ फागुनका लागि निर्वाचनको मिति तोकिएको छ । बाँकी पृष्ठ ६



# धान किसानका दुःख

## रोप्ने बेला खडेरी, थन्काउने बेला झरी

देशको अन्न भण्डार मानिने मधेश प्रदेशमा यस वर्ष बर्खामै खडेरी परेपछि धान रोपाइँ नै ढिलो भयो, ढिलाइका कारण उत्पादन घट्नेमा चिन्तित रहेका किसान धान भित्र्याउने बेलामा झरी परिदिएपछि थप चिन्तामा छन्, खेतमा पानी जमेपछि काटेर सुकाउन राखिएको निहिन मात्रै डुबाएको छैन, काट्न बाँकी धान पनि ढल्दा किसानलाई धान स्याहार्न समस्या परेको छ



महोत्तरीको बर्दिबास–१२ का अवदकिशोर महतो धान जोगाउन त्रिपालले ढाक्दै । तस्बिर : सुनिता/कान्तिपुर

**टिम कान्तिपुर**

बर्खामै पानी नपर्दा खडेरी परेपछि ढिलो गरी रोपिएको धान बाली पाकेर भित्र्याउन ठिक्क पारेका बेलामा झरी परेपछि किसान चिन्तामा परेका छन् । कतिपयको काटिसकेको निहिन खेतमै डुबेको छ । धान रोप्ने बेला खडेरी खेपेका किसानलाई धान थन्क्याउने बेला सोमबारदेखि परेको बेमौसमी वर्षाले दुःख दिएको हो । शनिबार बिहानदेखि वर्षा थामिएपछि भिजेको निहिन सुकाउन र पानीले ढालेको धान स्याहार्न किसानलाई यतिबेला भ्याइनभ्याई छ ।

६ महिनादेखिको मिहिनेत वर्षाले तीन दिनमै नष्ट गरिदिएको भन्दै चन्दननाथ-८ धरालबाडाका जयकृष्ण धरालाले दिग्दारी पोखे । लामो झरीका कारण शुक्रबारसम्म धानखेत पोखरी जस्तै भएका थिए । 'काटेको धान खेतमै भिजिरहेको छ । न दाना काम लाग्ने देखिन्छ, न पराल नै,' मन्नु परियारले चिन्ता व्यक्त गरिन् । केही किसानले पानीले ढालेको धान पालले छोपेर राखेका छन् । केहीले डाँठसहित नै धानलाई घर पुऱ्याएका छन् । केहीले खेतमै लहरा बनाएर राखेका छन् । केही किसान भने काटेर खेतमै सुकाउन राखेको निहिनलाई वर्षाको पानीले भिजाउन थालेपछि खाली ठाउँमा कुनिउँ लगाएर त्रिपाल र बोराले छोप्न हतारिँदै थिए । खेत सबै जलमग्न भएपछि कुनिउँ लगाउने ठाउँकै समस्या परिरहेको किसानको गुनासो थियो ।

जिल्ला कृषि विकास कार्यालयका अनुसार जुम्लाका आठ स्थानीय तहमध्ये पाँच पालिकाका किसानले धानबाली भित्र्याइसकेका थिए । तातोपानी र हिमा गाउँपालिका तथा चन्दननाथ नगरपालिकाका केही वडाका किसानले भने धान भित्र्याइसकेका थिएनन् । कुल २ हजार ८ सय ९० हेक्टरमा रोपिएको धानमध्ये २० प्रतिशत खेतमै भिजेको कृषि कार्यालयले जनाएको छ । सातासम्म पनि धान सुक्ने अवस्था नभएमा दाना उम्रने र बाला तथा पराल खेतमै कुहिएर खेर जानेमा किसान चिन्तित छन् । जुम्लामा कालीमार्सी, उन्नत जातमा लेकाली १ र लेकाली ३, चन्दननाथ १ र चन्दननाथ ३ जातको धान रोपिने गरेको छ ।

महोत्तरीको बर्दिबास-१२ का अवदकिशोर महतोले वार्षिक ७५ हजार रुपैयाँमा दुई बिघा जग्गा भाडामा लिएर खेती गर्दै आएका थिए । यस पटक भने उनी पनि धानबाली भित्र्याउनुअघि नै झरी परिदिएपछि ११ जनाको परिवारले वर्ष दिन खाने धान नष्ट हुने भएपछि चिन्तित छन् । 'धान रोप्ने बेलामा पानी नपरेपछि एक महिना ढिलो भएको थियो । अहिले भित्र्याउन ठिक्क पारेको बाली पानी परेर बर्बाद पाऱ्यो,' उनले भने, 'झन्डै एक बिघा जग्गाको धान एकै पटक काटेको थिएँ, अब खेतमै उम्रिने चिन्ता छ ।' सबै धान कुहिने चिन्ताका कारण आफू तीन दिनदेखि सुत्न नसकेको महतोले बताए । बर्सेनि २ सय क्विन्टल धान उत्पादन गर्दै आएका उनले खडेरी परेपछि यस वर्षको धान साउनमा मात्र रोप्न पाएका थिए । 'एकातिर ढिलो रोपेर धान कम फलेको चिन्ता त छँदै थियो, अर्कोतर्फ धान भित्र्याउने बेला पानी परेर केही बाँकी राखेन,' महतोले भने ।

औरही नगरपालिका-१ की नैनीकुमारी पनि अधियाँमा कमाएको १० कट्ठा खेतको धान काटेकै बेला पानी परेपछि बिलखबन्दमा परेकी छन् । उत्पादनको आधा हिस्सा धान बटैया बुझाएर आफ्नो भागमा पर्ने आधाले वर्ष दिनको जोहो गर्ने उनी अहिले आकाश हेर्दै पानी रोकिने आसमा बसेकी छन् । मध्यबर्खाको समय मधेशमा परेको खडेरीले प्रदेशका विभिन्न ठाउँमा खानेपानीसमेत दमकलबाट वितरण गरिएको थियो । मध्यबर्खामा नै मनसुन निष्क्रिय हुँदा सरकारले मधेशलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको थियो । तराईमा असार बितिसक्दा पनि किसानले धान रोप्नै पाएका थिएनन् ।

जल तथा मौसम विज्ञान विभागका अनुसार सरदरभन्दा आठ दिन ढिलो गरी २४ असोजमा मौसम नेपालबाट बाहिरिएको थियो । मनसुन बाहिरिएको एक महिना नपुग्दै बर्खाको झल्को दिने गरी देशभर वर्षा भयो । महोत्तरीमा मात्र यस वर्ष खडेरीका कारण धान खेतीयोग्य जमिनको करिब एक चौथाइ खेतमा रोपाइँ हुन पाएको थिएन । कृषि ज्ञान केन्द्रका अनुसार महोत्तरीमा यस वर्ष ३० हजार १ सय ३७ हेक्टर जग्गामा मात्रै रोपाइँ भएको थियो । जुन विगत वर्षको तुलनामा एक चौथाइले कम हो ।

यस वर्ष जिल्लाको धान खेती हुने क्षेत्रफलको ७५.३५ प्रतिशत क्षेत्रमा मात्रै धान रोपाइँ भएको ज्ञान केन्द्र महोत्तरीका प्रमुख देवानन्द राय यादवले जानकारी दिए ।

झन्डै ७० हजार हेक्टर खेतीयोग्य जग्गा रहेको महोत्तरीमा लगभग ३४ हजार हेक्टरमा मात्रै सिँचाइ सुविधा छ । ३६ हजार हेक्टर जग्गामा अकासेपानीको भरमा पर्नुपर्ने बाध्यताका कारण धान रोप्ने समयमा पानी नपरेपछि रोपाइँ घटेको थियो । असार-साउनमा खडेरीले खानेपानीको समेत हाहाकार भएपछि सिँचाइ अभावमा किसानले समयमा धान रोप्न नपाएको ज्ञान केन्द्रका प्रमुख यादवले बताए ।

४० वर्षदेखि खेतीकिसानी गरिरहेका अवदकिशोर पछिल्ला वर्ष रोप्ने बेलामा पानी नआउने र स्याहार्ने बेला पानी परेर बिगारिदिने भइरहेको बताउँछन् । एक क्विन्टलको ४ हजार रुपैयाँ हाराहारीले बिक्री हुने धान पानी नरोकिए आफ्नो परिवारमै खान पनि नपुग्ने हो कि भन्ने चिन्ता लाग्न थालेको महतोले बताए । 'यसपालि कति धान भित्र्याउन पाइने हो थाहा छैन,' उनले थपे, 'केही धान काटेकै छैन, काटेको पनि पानीबाट जोगाउन मुस्किल छ ।'

### खेतमै डुब्यो निहिन

निरन्तरको वर्षाले रामेछापका किसान महिनौंको परिश्रम खेर जाने चिन्तामा छन् । यस वर्ष रामेछापमा कात्तिक पहिलो सातादेखि नै धान पाक्न सुरु भएको थियो । सोमबारदेखि मौसम बिग्रिन थाले पनि धेरै किसानले पानी नपर्ने ठानेर धमाधम धान काटेर खेतमै सुकाउन निहिन फिँजाएर राखेका थिए, तर बुधबारदेखि सुरु भएको निरन्तरको वर्षाले सबै निहिन भिजाएको छ ।



सल्यानको खेतमा डुबेको धानका बिटा । तस्बिर : विप्लव/कान्तिपुर

मन्थली नगरपालिका-६ कुनौरीका गोपाल माझीले यस पटक राम्रै धान फले पनि थन्काउने बेला पानी परेर नोक्सानी व्यहोर्नुपरेको बताए । 'धान थन्क्याउने बेलामै बेमौसमी झरीले सबै मिहिनेत खेर गएको छ,' माझीले भने, 'यो वर्ष बोक्से र कुनौरीको बगर फाँटमा राम्रै धान फलेको थियो । बोक्से फाँटको धान त थन्क्याइसकेका थिए, बगर फाँटमा काटेको भोलिपल्टदेखि नै झरी परेर पूरै डुबाएको छ ।' चार दिनदेखि निरन्तर परेको झरीका कारण काटेको धान पानीमा डुबेर उम्रने अवस्थामा पुगेको मन्थली नगरपालिका-७ का सुरज श्रेष्ठले सुनाए । भने, 'यो बेलामा झरी पर्छ भन्ने कल्पना पनि गरेका थिएनौं । चार दिनदेखि पानी रोकिएको छैन ।' उनले निहिन खेतमै डुबेको मात्र नभई काट्न बाँकी धानलाई पनि वर्षाले ढालेको बताए ।

मुख्यबाली धान भित्र्याउने चटारोमा रहेका किसानलाई हालको बेमौसमी वर्षाले समस्या बनाएको मन्थली नगरपालिका कृषि विकास उपशाखाका सहायक कृषि अर्थविज्ञ योवनकुमार सुनुवारले बताए । 'मौसमसम्बन्धी सूचना नियमित रूपमा पछ्याउने किसानले धान जोगाउन सके,' उनले थपे, 'तर जानकारी नपाएका किसानको धान वर्षाले क्षति पुऱ्याएको छ ।' कृषि विकास कार्यालय रामेछापका अनुसार जिल्लामा दुई नगरपालिका र ६ गाउँपालिकामा ७ हजार ८ सय ५९ हेक्टर धान खेत छ । यो वर्ष ७ हजार २ सय हेक्टरभन्दा बढी जग्गामा रोपाइँ गरिएको थियो । गत वर्ष रामेछापमा करिब २० हजार १५ मेट्रिक टन धान उत्पादन भएको कृषि विकास कार्यालयको तथ्यांक छ ।

काटेर थन्काउन ठिक्क पारिएको धान खेतमै भिजेपछि सल्यानका किसान पनि तनावमा छन् । झरीमा भिजेको धान सुकाउन किसानलाई हम्मेहम्मे परेको छ । सल्यानमा धान उत्पादन हुने झन्डै ७ हजार हेक्टर क्षेत्रफलमध्ये आधाजसोको धान भित्र्याउन बाँकी नै थियो । अहिले पनि शारदा नदी किनार, बाग्चौर, बन्गाड कुपिन्डे नगरपालिका, त्रिवेणी, कालिमाटी, सिद्धकुमाख, कुमाख, दार्मा गाउँपालिकाको खहरेखोला आसपासका खेतमा पाकेको धान काटेर सुकाएको अवस्थामा भिजेको छ । तिहार मनाएर फुर्सदमा धान भित्र्याउन लागेका बेला वर्षाले खेतमै भिजेको कालीमाटी गाउँपालिकाका दीपक भण्डारीले बताए । कालीमाटीको टोटके, चापी, चंखेली, स्यांकु जिउला, सिमलचोक, ढोरनीलगायत क्षेत्रमा काटेर सुकाएको निहिन भिजेको मात्र छैन, कतिपय स्थानमा खेतमै डुबेको छ ।

शारदा नगरपालिका-९ का भीमबहादुर नेपालीले काटेर सुकाएको धान २४ घण्टासम्म खेतमै भिजेपछि अहिले सुकाउन धौ-धौ परेको बताए । भने, 'हिजोआज मेसिन लगाएर धान झाट्ने गर्छन् । हामी पनि मेसिन कुरेर बसेका थियौं । तर मेसिन ल्याउन नपाउँदै पानी परेपछि भित्र्याउनै पाएनौं ।' कृषि विकास कार्यालय सल्यानका प्रमुख महेश आचार्यले सिँचाइ नलाग्ने खेतमा ढिलो पाकेको धान पानीले भिजे पनि खासै क्षति नहुने बताए । धेरै किसानले हाइब्रिड जातको धान लगाउँदै आएकाले एक दिनको पानीले भिज्दैमा केही असर नपर्ने उनी बताउँछन् । सल्यानको ७ हजार हेक्टरबाट २८ हजार मेट्रिक टन धान उत्पादन हुने गरेको छ ।

कपिलवस्तुमा यस वर्ष ६२ हजार ९ सय ७ हेक्टर खेतमा धान लगाइएकोमा २५ प्रतिशत मात्र धान काटिएको कृषि ज्ञान केन्द्र प्रमुख घनश्याम चौधरीले बताए । उत्तरी क्षेत्रमा प्रायः काटिसकिए पनि दक्षिणी क्षेत्रको अधिकांश खेतको धान काट्न बाँकी हुँदै झरी परेको हो । खेतमै काटेर छाडिएको धान र खेतमा ढलेर डुबेका धानलाई वर्षाले क्षति पुऱ्याएको चौधरीले बताए ।

जिल्लाका विभिन्न स्थानीय तहका कृषि शाखाका अनुसार समग्र धान उत्पादनलाई समेत अहिलेको वर्षाले असर गर्नेछ । विशेषगरी छिटो पाक्ने गोरखनाथ, राधा ४ र ६ जातका धानलाई वर्षाले क्षति पुऱ्याएको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी रामसुरत पालले बताए । धान बालीमा पुगेको क्षतिबारे पालिकासँग समन्वय गरी विवरण संकलन गरिरहेको उनले बताए ।

**डीबी बुढा** (जुम्ला), **सुनिता बराल** (महोत्तरी), **नवराज श्रेष्ठ** (रामेछाप), **विप्लव महर्जन** (सल्यान) र **मनोज पौडेल** (कपिलवस्तु)

## खेतमै ढल्यो जेठो बूढो

**दीपक परियार** (पोखरा)

पोहोर १२ रोपनीमा पोखरेली जेठो बूढो धान लगाएका पोखरा-३२ मालमूलका रामराज वाग्लेले ६० मुरी भित्र्याए । यस वर्ष जेठो बूढो र ठूलो मन्सुली आधा-आधा लगाए । सिँचाइ राम्रै भएकाले ७५ मुरी धान भित्र्याउने उनको अनुमान थियो । तर लगातारको झरीले काट्ने बेला हुनै लागेको धान खेतमै ढल्यो । झरीले धान भिज्दा उत्पादन र गुणस्तर दुवै घट्ने उनको चिन्ता छ ।

मालमूल फाँटमा १ हजार ६ सय रोपनीमा ठूलो मन्सुली, पहेँले, अनदी र जेठो बूढो जातका धान लगाइएको छ । तीमध्ये पहेँले र अनदी काटेर कसैले खेतमै छोडेका थिए भने कसैले कुनिउँ बनाएर । तर ठूलो मन्सुली र जेठो बूढो भने कात्तिक अन्तिम साता मात्रै पाक्ने भएकाले काटिएको थिएन । बेमौसमी झरीले काटेर खेतमा राखिएको निहिन भिजाएको छ । कुनिउँभित्र पनि पानी पसेर धान भिजेको वडा कृषि सञ्जालका संयोजकसमेत रहेका रेग्मीले बताए । 'पानी आउनुअघि काटेर खेतमा राखेको धान त्यत्तिकै छ,' उनले भने, 'काट्न बाँकी धान पनि ढलेका छन् ।' धान भिजेपछि चामल हकुवा हुने र त्यस्तो पराल गाईबस्तुले पनि नरुचाउने उनले बताए ।

जेठो बूढो धेरै उत्पादन हुने फेवाताल पारिको पामे फाँट, बिरौटा, सिसुवा, हेमजालगायत फाँटमा झरीले असर गरेको छ । हेमजा फाँटमा हावाहुरीसहित आएको पानीले काट्ने बेलाको धान ढलाएको पोखरा महानगर कृषि महाशाखा प्रमुख मनहर कडरियाले बताए । 'हाइब्रिड धान धेरैजसो काटिसकिएको छ, जेठो बूढो अझै काट्ने बेला भएको थिएन,' उनले भने, 'काट्न ठिक्क परेका पहेँले, मन्सुलीलाई पानीले असर गरेको छ ।' केही कृषकले भने काटेको धानलाई बिटा लगाएर प्लास्टिकको त्रिपालले छोपेर धान जोगाएको उनले सुनाए । 'अन्य धान पाकिसकेका थिए, जेठो बूढो बल्ल छिप्पिने बेला हुँदै थियो,' उनले भने, 'यो बेला पानी पर्दा उत्पादनमा पनि प्रभाव पार्ने देखियो ।' पोखरामा हालसम्म ३० प्रतिशत मात्रै धान काटेर भित्र्याएको उनको आकलन छ ।

पोखरामा ११ हजार २ सय हेक्टरमा धान खेती हुन्छ । त्यसमध्ये ४० प्रतिशतमा जेठो बूढो लगाइन्छ । पोखराको पहिचान बनाएको बासनादार जेठो बूढो खेतीमा महानगरले अनुदानसमेत दिने गरेको छ । गत वर्ष पोखरामा ३८ हजार मेट्रिक टन धान उत्पादन भएको थियो । यस वर्ष बढ्ने अनुमान गरिए पनि झरीले उत्पादनमा असर गर्ने देखिएको छ । धान थन्क्याउने बेला लामो समय पानी पर्ने र घाममा सुकाउन नपाउने अवस्थामा गुणस्तर घट्ने र मूल्यमा पनि ह्रास आउँछ । पानी पर्ने संकेत पाएपछि महानगरले पोखरा कृषि मोबाइल एप, सामाजिक सञ्जालमार्फत कृषकलाई धान जोगाउन सूचना प्रवाह गरे पनि सबै किसानमा प्रभावी हुन सकेन ।


# वर्गीकृत विज्ञापन

**घर जग्गा**

बनेपा, धुलिखेलमा टुक्रा घडेरी पाँचखालमा सस्तो धान खेत बारी बिक्रीमा ९८५१०८५८९०

एकअर्व ऋण खानमिल्ने कम्पनीकोलागि ७०करोड लोन चाहियो धितो भनेजति छ ९८५१०९८४०६

अर्जेन्ट दुइकरोड लगानी/कर्जा तुरुन्तैचाहियो, घडेरिजग्गा धितो र अत्तिराम्रो ब्याजदिने 9802315103

घरजग्गा खरीदबिक्री भाडामा-लिनदीन, khojHome.com 9862797368

सामाखुशी मनोहर निवासमा ०-४-०-०जग्गा बिक्रिमा ९८५१३३२३८०

माहाराजगञ्ज पञ्चकन्या स्कूलनजिक ८आना जग्गा, प्रतिआना ७२लाख, भक्तपुर ताथलीमा टुक्रा जग्गा, प्रतिआना २३लाख, 9818058350, 9862255537

**सम्पर्क**

सस्तोमा CASHDEPOSIT धितोफुकुवा, बैंकलोन 9851154609

Cashdeposit Statement धितोलोनचुक्ता शेयरलगत 9851006688

अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation 9841193311

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

**विविध बिक्रीमा**

जुनसुकै-पसल चल्नेठाउको पसलबिक्रीमा, सिनामंगल 9700163668

**निर्माण सफाई**

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851109635

**चाहियो**

कोल्डस्टोरको लागि स्टाफ चाहियो तलब २०,०००-४५,०००/- मासुकाट्न जान्ने २-जना, डेलिभरी लाईसेन्स भएको २-जना, मार्केटिङ्ग अनुभव भएको २-जना 9824711121 बुढानिलकण्ठ

सेक्युरिटी गार्ड तु.अर्जेन्ट १९,०००-२३,०००।- ९८२३००५३८४

रिसोर्टकोलागी हेरदेखगर्ने सुपरवाईजर वेटर किचेन हेल्पर महिला वेटर क्यासियर ९८५१०५९२६९

डेलिसियस मममा कुक १ २५००० कुक हेल्पर १ १८००० साईकल डेलिभरी १ १५००० ५३६६४२४, ९८१३८३५४४१

रेष्टुरेण्टमा किचेन हेल्पर, भाँडा माझ्ने, मो. 9813475284

भांडामाझ्ने हेल्पर खानबस्नसहित १५,०००।- नयांबानेश्वर ९८४१६१९८९७

महिला कर्मचारी आवश्यकता, नयांबानेश्वरमा पसलकोलागि ९८२३९३६८३०

म:ममिस्त्री, वेटर तुचाहियो तलव १२००० देखिमाथी ९८४१३१११४२

Multi Cuisine रेष्टुरेन्टकोलागि कर्मचारी आवश्यक, अलराउण्डर कुक तलब ४०,०००/-, सुपरभाइजर तलब ३०,०००/-, सिनियर वेटर तलब २०,०००/-, लाइटड्राइभर तलब २५,०००/-, डिसवासर तलब १५,०००/-, हाउसकिपिङ तलब १५,०००/- Duty time 10 hours+overtime स्थान काठमाडौं अनामनगर, ललितपूर ढोलाहिटि ९८५१११८१३१

अलराउण्डर व्यूटिसियन तुरुन्त चाहियो ९८६१३३७५०५

गङ्गबस्थित क्याफेकोलागि अनुभवी अलराउन्डर कुक कुकहेल्पर, किचेनहेल्पर, Barista, Waiter तुरुन्त चाहियो 9851027935

अनुभवि कुक हेल्पर चाहियो ९८०३००८५३७

A reputed English school in Bhaktapur requires secondary/ lower secondary Science teacher immediately 015919581, 9762109319, 9841934825

School Teacher-Health(6-8), Hostel Warden (Math/Science), Asst. Teacher(1-5), at Pepsicola 9803136368, 4992956, 4990930

रिसोर्टकोलागी हाउसकिपिङ्ग, वेटर चाहियो बुढानिलकण्ठ 9808961144

होटलमा बसेर कामगर्ने स्टाफ चाहियो 9851179174

**मर्मत**

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सेफ्टीट्यांकी ढलट्वाइलेट मंगाल जामखोल्ने 9841663344

**बिहावारी**

विश्वको जुनसुकै कुनामा भए पनि उपयुक्त बर वा बधुको लागि www.nrnmatch.com, 9842981178

अमेरिकन सिटिजन ४०वर्षिय इन्जिनियर वरलाई वधु चाहियो ९७६६८७९४७३

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४५९३५३१, ९८५११७८८३० | पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ | क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ | मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ | गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ | निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ | आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९९०२ | सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ | अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ | नेपाल मिडिया कन्सर्ल्ट | सिफल | ०१-४५७८१०३ | माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ | सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ | लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ | डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ | सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ | स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ | सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७९७, ०१-५४३५९२४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ | प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ | मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ | किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ | सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांवसपार्क | ९८५१०२४३९८, ४३६४७५१ | कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० | गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ | मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ | मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० | न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ | श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| | | | दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० | के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| | | | | | | चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

वर्गीकृत विज्ञापन साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- वर्गीकृत डिस्प्ले श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-*

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८ Email: mktclassified@kmg.com.np

*म.ऊ.क. बाहेक




| Aesthetic Design | Chassis & Driving Dynamics | Advanced Electrification | Safety System | Intelligent Experience |
|---|---|---|---|---|
| Futuristic AI Cabin | 4-Wheel Steering System (4.5 meter Turning Radius) | Integrated Thermal Management System | High Strength Body Material | 20 Speakers |
| POPO Sofa | Continental 4-Piston Fixed Calipers | 400 V LFP Battery | 7 Air Bags | Road Noise Cancellation |
| 256 Color Ambient Lighting | IM Digital Chassis | 15.2 min 0-80% SOC | Rainy Night Mode | Qualcomm Snapdragon 8295 |
| Spacious Passenger Space | Vehicle Motion Control | Low-Voltage Lithium Battery | Proactive Vision Supplement System | One Touch iAD |

PARAMOUNT MOTORS

**PARAMOUNT MOTORS PVT.LTD**
(Authorized Importer & Distributor for Nepal)
**Naxal**- 01-5356377, 4545622, 9705398909, 9801155176, 9801155647, 9802358947, 9802028933
**Labim Mall:** 9801155169
**Thapathali** - 9801155179, 9704582688, 01-535637
URL: www.mgmotors.com.np
Email: info@paramountmotors.com.np

**MG AUTHORIZED DEALERS**

**Kalanki** - 9851189275/9851187191 | **Bhaktapur** - 9708093955 | **Satdobato** - 9851426116 | **Butwal** - 9801023294 **Birtamode & Damak** - 9816916688 | **Biratnagar & Itahari** - 9852035501/9852086116 | **Janakpur**- 9801656446 **Birgunj & Hetauda** - 9802095528 / 051-591575 | **Narayangadh** - 9801082777 | **Pokhara** - 9802831448 | **Lahan** - 9705131591 **Bhairahawa** - 9857010228/9847020955 | **Dhangadi** - 9801722239 | **Nepalgunj** - 9858065437 | **Dang** - 9808629156

सम्पादकीय

# खुम्चिँदो वैदेशिक रोजगारी, फैलिँदो आन्तरिक संकट

नेपालीका निम्ति वैदेशिक रोजगारी मूलतः बाध्यता हो । हरेक वर्ष श्रम बजारमा आउने युवाका लागि देशमा रोजगारीको पर्याप्त अवसर नभएको, पाएको रोजगारीको पनि सुरक्षा नभएको, पारिश्रमिक सम्मानजनक नभएका कारण वार्षिक लाखौं युवा वैदेशिक रोजगारीमा जाने गरेका छन् । स्वदेशमा व्यापार व्यवसाय गरेर पनि सफलता पाउन नसकेकाहरूले विकल्पका रूपमा वैदेशिक रोजगारीलाई नै राख्ने गरेका छन् । यसरी रोजगारीको अवसरकै खोजीमा नेपाली युवा विश्वका प्रायः देशमा पुगेका छन् । वैदेशिक रोजगारीका कैयौं अँध्यारा पक्ष पनि छन्, यद्यपि यसले लाखौं परिवारको दैनिक आर्थिक व्यवहारलाई भरथेग गरेको बिर्सन मिल्दैन । नेपाली समाज र देशकै लागि अभिन्न अंग भइसकेको भए पनि वैदेशिक रोजगारीमा संकुचन आउने सम्भावना बढेको छ । त्यस्तो भएमा यहाँ बहुआयामिक समस्या निम्तिन सक्छ । जसलाई झेल्न परिवार, समाज र सरकारका निम्ति कठिनाइ हुन सक्छ । त्यसैले समयमै सरकारले कूटनीतिक पहल गर्नुपर्ने आवश्यकता छ ।

आर्थिक वर्ष २०८१/८२ मा मात्रै ५ लाख ५ हजार ९ सय ५७ नेपाली वैदेशिक रोजगारीमा गएको वैदेशिक रोजगार विभागको तथ्यांक छ । नेपालीहरूको रोजाइमा पर्ने प्रमुख देशहरू यूएई, साउदी अरेबिया, कतार, कुवेत, रोमानिया, जापान, दक्षिण कोरिया, क्रोएसिया, मलेसिया, बहराइनलगायत छन् । यीलगायत देशमा पुगेर भए पनि कमाएको धेरथोर पैसाकै कारण बालबच्चाको शिक्षामा लगानी गर्न सकेका छन् । बच्चादेखि वृद्धवृद्धाको पोषणदेखि स्वास्थ्य उपचारमा लगानी गर्न सकेका छन् । वैदेशिक रोजगारीकै कमाइका कारण कतिपयले आफ्नै सानोठूलो व्यवसाय सुरु गरेका छन् । यसरी लाखौं नेपालीका निम्ति वैदेशिक रोजगारी आम्दानीको बलियो विकल्प भइसकेको छ । साथसाथै, आजका दिनमा नेपाली महिला पनि विभिन्न देशमा श्रम गरिरहेका छन् र परिवारको आर्थिक खम्बा बनेका छन् । यसर्थ, नेपाली महिलालाई आर्थिक स्वतन्त्रता दिलाउने र महिला सशक्तीकरणका लागि योगदान गर्ने भरपर्दो माध्यम पनि वैदेशिक रोजगारी नै भएको छ ।

देशलाई टाट पल्टिनबाट जोगाउने बलियो मेरुदण्ड पनि वैदेशिक रोजगारी नै हो । किनकि, पर्यटन वा निर्यातबाट उल्लेखनीय विदेशी मुद्रा आम्दानी हुन नसकेको स्थितिमा पनि वैदेशिक रोजगारीकै कारण विदेशी मुद्रा सञ्चिति उल्लेखनीय रूपमा बढेको छ । राष्ट्र बैंकका अनुसार गत भदौसम्म मुलुकको विदेशी विनिमय (मुद्रा) सञ्चिति २८ खर्ब ८१ अर्ब ३५ करोड रुपैयाँ पुगेको छ । यसको मुख्य कारण हो, रेमिट्यान्स । गत असारसम्म रेमिट्यान्सले रेकर्ड नै राखिरहेको थियो । मासिक रूपमा गत असारमा हालसम्मकै सबैभन्दा धेरै १ खर्ब ८९ अर्ब रुपैयाँ रेमिट्यान्स मुलुकमा भित्रिएको थियो । साउनमा १ खर्ब ७७ अर्ब र भदौमा १ खर्ब ७४ अर्ब भित्रिएको थियो । यसले भुक्तानी सन्तुलन कायम राख्न सहयोग पुर्‍याएको छ । कुशल सरकार हुने हो भने, पूर्वाधार निर्माणदेखि पुनर्निर्माणसम्मका लागि राम्रो अवसर छ । यसरी व्यक्ति र परिवारको मात्रै होइन, देशलाई नै आर्थिक आँट दिने माध्यम भएको छ, वैदेशिक रोजगारी ।

यसअघि अधिकांश देशमा रोजगारीका लागि जान सहज हुने गरेकामा पछिल्लो समय भने अवरोध सिर्जना भएको छ । परिणामतः नेपालीका लागि वैदेशिक रोजगारी नै संकटमा पर्ने चिन्ता व्यक्त भएका छन् । प्रमुख गन्तव्यमध्येको एक मलेसियाले विदेशी श्रमिकका लागि छुट्याएको कोटा घटाएको छ । जसले गर्दा २०२४ देखि नै आंशिक रूपमा मात्रै रोजगारी खुलाएको छ । यूएईले २३ र २४ भदौको प्रदर्शनपछि रोजगार भिसा र भिजिट भिसा दुवै दिन बन्द गरेको छ । नेपालका लागि स्थिर श्रम बजार साउदी अरबले पाकिस्तान र बंगलादेशलाई प्राथमिकता दिँदै आएको छ । जेन-जी आन्दोलनपछि नेपालीलाई भिसा दिन कडाइ गरेको छ । २०२२ को विश्वकपपछि कतारमा ठूला आयोजना निर्माण घटेको छ । निर्माणका लागि नेपालीहरूको बाहुल्य हुने गरेको भए पनि त्यो स्थिर भएसँगै नेपालीको रोजगारी अवसर घटेको छ । युरोपेली देशहरू लागत र प्रक्रियाका दृष्टिले कहिल्यै सहज थिएनन् । त्यो कायमै छ । एकातिर देशभित्र रोजगारीका अवसर सिर्जना हुन नसक्नु, अर्कोतर्फ गन्तव्य मुलुकमा अवरोध सिर्जना हुनुले आगामी दिनमा देशमा ठूलै संकट सिर्जना हुने देखिन्छ ।

मुलुकमा तत्कालै आर्थिक विकास भइहाल्ने र समृद्धि आइहाल्ने संकेत देखिएको छैन । यहाँ विकास निर्माणले तीव्रता नपाउँदासम्म, निर्माणसँग सम्बन्धित आयोजनाहरू धमाधम नबन्दासम्म, सेवा क्षेत्रको उल्लेखनीय फैलावट नहुँदासम्म रोजगारीका अवसर पनि ह्वात्तै वृद्धि हुने सम्भावना छैन । यस्तो स्थितिमा स्वरोजगार र उद्यमशीलता पनि वृद्धि हुन सक्दैन । श्रम बजारमा प्रवेश गरेका युवाले देशभित्र रोजगारी नपाउने र बाहिर जान पनि कठिनाइ हुँदा राजनीतिक र सामाजिक असन्तुष्टि तथा विग्रहलाई प्रोत्साहन गर्नेछ । अन्ततः अराजकता पनि निम्तिन सक्छ । त्यसैले विभिन्न देशमा खुम्चिएको अवसरलाई पुरानै अवस्थामा पुर्‍याउनका लागि सरकारको पहलकदमी आवश्यक छ । विभिन्न देशसँग कूटनीतिक संवादलाई तीव्र बनाइनुपर्छ । मलेसियाको नयाँ नीतिप्रति प्रधानमन्त्री सुशीला कार्कीले चासो दिएको समाचार सार्वजनिक भएका छन् । तर त्यतिले मात्रै पुग्दैन । ठोस पहलकदमी लिनुपर्छ । आवश्यकताअनुसार गन्तव्य देशमै पुगेर संवाद गर्नुपर्छ । गन्तव्य देशका चासोलाई उचित सम्बोधन गर्नुपर्छ । आफ्ना श्रमिकका हितका विषय पनि राख्नुपर्छ ।

# कर्मचारीतन्त्र सुधारको सर्त



गुणराज भट्ट

देशमा राजनीतिक पुनःसंरचनालगत्तै आर्थिक पुनःसंरचनाले ठाउँ लिनुपर्ने थियो । तर नयाँ संविधान जारी भएको दशकसम्म आर्थिक पुनःसंरचनाले ठाउँ पाउन सकेन । सर्वसाधारण जनताले सार्वजनिक सेवाका लागि सास्ती भोग्नुपर्‍यो । भ्रष्टाचार र अनियमितताका सूचकमा नेपाल खस्कँदै गयो । सरकारले नागरिकको आवाज सुन्न सकेन । यही मानसिकताको उपज नै जेन-जी विद्रोह भएको आकलन गर्न सकिन्छ । उल्लेखित सवाल सम्बोधन गर्न नेपालको सार्वजनिक सेवामा आमूल सुधार आवश्यक छ । त्यसका लागि कर्मचारीतन्त्रमा सुधार नै मूलमन्त्र हुनुपर्छ ।

२०२४ को अर्थशास्त्रको नोबेल पुरस्कार अलि बढी चर्चामा रह्यो । यस अर्थमा कि, डारोन एस्मोग्लु र जेम्स ए रबिन्सनको सन् २०१२ मा प्रकाशित चर्चित पुस्तक 'ह्वाइ नेसन्स फेल' धेरैको नजरमा परिसकेको थियो । उक्त पुस्तकले विगत पचास वर्षमा आर्थिक विकासमा माथिल्लो र तल्लो ३० स्थानका देशहरूमा खासै परिवर्तन नहुनुका कारणहरू खोतल्दै नेपाल लगायतका देशको उदाहरणसमेत प्रस्तुत गरेको छ । लेखकद्वयले उक्त पुस्तकमा राष्ट्र फेल हुनुको एउटै कारण बारम्बार दोहोर्‍याएका छन्- कमजोर संस्थागत (आर्थिक तथा राजनीतिक) क्षमता । जुन-जुन देशहरूले आज अभूतपूर्व विकास गरे, उनीहरूले संस्थागत विकासका लागि समाजका राजनीति, प्रशासन, उद्योग/व्यवसाय, शिक्षा, स्वास्थ्य आदि हरेक तहमा प्रतिभावान व्यक्तित्व विकासमा मुख्य जोड दिए । सँगसँगै त्यस्तो प्रतिभालाई शक्तिमा बदल्न बलियो संस्थागत संरचनाको विकास गरे भन्ने निचोड उक्त पुस्तकको छ । लेखकले अमेरिका र मेक्सिकोजस्ता तुलनायोग्य थुप्रै देशहरूको उदाहरण प्रस्तुत गरेका छन् । नेपालको विकास अपेक्षित नहुनु, हाम्रा समस्याहरू, युवापुस्ताको विदेश पलायन लगायतका थुप्रै सवालका उत्तर उक्त पुस्तकबाट पाउन सकिन्छ ।

विश्व परिवेशमा राजनीतिक परिवर्तनपश्चात् ठूला आर्थिक क्रान्तिहरू भएका छन् । नेपालमा २०६२/६३ को जनआन्दोलन र संविधानसभा हुँदै राजनीतिक परिवर्तनलाई संस्थागत गर्न अझै कतिपय कानुन र संस्थागत संरचनाहरू बन्न बाँकी छँदै अर्को विद्रोह हुन गयो । लामो समयको द्वन्द्व र निराशाका बीच प्राप्त राजनीतिक उपलब्धिको उचित व्यवस्थापनमै त्यत्रो समय लाग्नाले आर्थिक क्रान्ति एवम् सार्वजनिक क्षेत्र सुधारका कार्यमा जनजीविका उकास्नभन्दा राजनीतिक दाउपेचमै उच्च पदस्थको ध्यान जाँदा आर्थिक सुधारका कार्यक्रम ओझेलमा पर्न गए । सुधारको सुरुवात गरिनुपर्ने संस्थामा एकपछि अर्को गर्दै राजनीति छिर्दा आर्थिक सुधारका फेहरिस्त चुनावी घोषणापत्रमै सीमित हुन पुगेका देखिन्छन् । यसरी आर्थिक सुधारका योजना नारामै सीमित हुँदा जनतामा चरम निराशा पैदा हुँदै गयो । कर्मचारीतन्त्र, कार्यशैली र डिजिटाइजेसनको अनुपालनामा अन्य देशका तुलनामा हामी पछि पर्दै जाँदा राहदानी, सवारी अनुमतिपत्र लगायतका नागरिकले प्राप्त गर्ने सामान्य सेवामै थुप्रै सवालहरू देखा परे । कर्मचारीतन्त्र निर्देश गर्ने ऐन जारी हुनुअघि नै थुप्रै गलफती र राजनीति घुसेका कारण निजामती विधेयक नै अलपत्र परेको छ । त्यसमाथि पनि स्थायी सरकार भनिने कर्मचारीतन्त्रको सरुवाले सरकारको अस्थिरतालाई बिर्साएको स्थिति छ । एउटा सरकारी निकाय र अर्को सरकारी निकायको समन्वय नहुँदा एउटाले गरेको कामका बारेमा अर्काको अविश्वास बढेको र समग्र सरकारी सेवा हो भनी अपनत्व नलिने प्रवृत्ति छ । दलगत कर्मचारी संगठन र माथि उल्लेख गरिएका समस्याहरू थोरबहुत सबै खालका सार्वजनिक निकायहरूमा पाउन सकिन्छ ।

कुनै पनि संगठनको क्षमता विकासका लागि तीनवटा पक्षमा ध्यान दिनुपर्ने हुन्छ । पहिलो, संगठनात्मक क्षमता । जसअन्तर्गत संगठनात्मक संरचना, अधिकार प्रत्यायोजन, पद सोपान, विभाग, शाखा/महाशाखहरू तथा कर्मचारी संख्या आदि पर्दछन् । दोस्रो, कानुनी तथा संस्थागत क्षमता । जसमा आवश्यक नीति नियमको व्यवस्था, कार्य स्वतन्त्रता, नियमन तथा सुपरिवेक्षण, स्रोत साधनको पर्याप्तता, भौतिक पूर्वाधार जस्ता तत्त्वहरू पर्दछन् । तेस्रो, यी दुवै क्षमतालाई उचित प्रयोग तथा परिचालन गर्न सक्षम, उत्तरदायी र उत्प्रेरित मानव संसाधन । पहिलो र दोस्रो क्षमता विकास गराउने पनि कर्मचारीले नै भएकाले तेस्रो विषय एक अन्तरनिहित, जटिल, नैतिक तथा आचरणगत तत्त्व हो । खासगरी, यसमा कर्मचारीको ज्ञान, दक्षता तथा खुबी बढाउने र अवसर दिने अनि उसलाई उत्प्रेरित गराई काम लिने विषय पर्दछन् ।

**कर्मचारीतन्त्रको जड समस्या**

सार्वजनिक सेवाको भर्ना, छनोट, नियुक्ति, पदस्थापन, सरुवा, बढुवालगायत समग्र मानव संसाधन व्यवस्थापनमै गम्भीर समस्या रहेको छ । नेपालको सार्वजनिक सेवामा प्रवेश गर्न उच्च कोटीको मिहिनेत तथा काबिलता चाहिन्छ । सार्वजनिक सेवामा कर्मचारी भर्ना प्रक्रिया वैज्ञानिक, पूर्ण रूपमा योग्यतामा आधारित, स्वच्छ एवम् पारदर्शी रहेको छ । सार्वजनिक सेवामा प्रवेश गर्ने हामीमध्ये विद्यालय तथा विश्वविद्यालयका उत्कृष्ट विद्यार्थीहरू हुने गरेका छौं । सरकारी कर्मचारीहरूको क्षमता निजीको भन्दा अब्बल हुन्छ भन्ने मान्यतासमेत लिइन्छ । सरकारका उच्च ओहदामा रहने कर्मचारीहरू त झन् आन्तरिक प्रतिस्पर्धाका माध्यमबाटै बढुवा हुँदै गएकामध्ये हुने हुनाले ती अरूभन्दा मेधावी तथा तेजस्वी हुने नै भए । तर, तिनै सरकारी निकायहरूको कार्यसम्पादन किन उच्च हुन सकेन, किन सेवा प्रवाह खस्कँदो छ ? किन नेपाल सुशासनमा पछाडि छ ? कर्मचारीका लागि न्यून सेवा सुविधा एवम् भौतिक पूर्वाधार पनि पर्याप्त नहुने, हुने निजी शैक्षिक संस्था एवम् अस्पतालप्रति किन अधिकांशको विश्वास छ ? यी यावत् विषय मननयोग्य छन् ।

प्रथमतः नेपालको सार्वजनिक सेवाको भर्ना तथा छनोटमै समस्याहरू छन् । पछिल्लो समय भारतमा समेत विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थामा राम्रै छाप पारेका व्यक्तित्वहरूलाई सरकारी सेवामा सिधै नियुक्ति दिने प्रचलन बढेको छ । तर हाम्रोमा भने अन्तर्राष्ट्रिय संस्थाहरूले पत्याएका विद्वत् वर्गले स्थायी प्रकृतिका नियुक्तिहरू विरलै पाएका छन् । स्वदेशमा विज्ञ तथा दक्ष प्राविधिकको अभावमा कैयन् अध्ययन/अनुसन्धान तथा नीति/योजनाहरू विदेशी विज्ञबाट गराएको यथार्थ पनि हामीसामु छ । तल्ला पदहरूको नियुक्ति 'मेरिट'कै आधारमा हुने भए तापनि लिखित परीक्षा प्रणाली र कार्यसम्पादनबीच कुनै तालमेल नहुँदा प्रतियोगात्मक परीक्षाहरू 'घोकन्ते विद्या' मात्र भएको जस्तो देखिन्छ । अझै पनि अधिकांश संगठित संस्थाको प्रमुखको चयन पजनी प्रथा जस्तो गरी टपक्क टिपेर ल्याउने प्रवृत्ति यत्रतत्र छ । साथै, प्रतिस्पर्धात्मक प्रणालीबाट नियुक्त हुनेलाई पनि सरुवा/बढुवा तथा अन्य वृत्ति विकासका अवसरहरूमा विभिन्न आस्थाका आँखाले हेर्ने परिपाटी हुँदा वृत्ति विकासका लागि कार्यसम्पादन उच्च वा नतिजा राम्रो दिएर नपुग्ने सावित हुँदा काबिल कर्मचारी वर्गमै उच्च निराशा देखिइनु एक सामान्य विषय बन्दै गएको छ । जेन-जी विद्रोहपश्चात्का सुधारसमेत यी सवालहरूको यथोचित सम्बोधनबाटै सुरु गरिनुपर्दछ ।

नेपालका सार्वजनिक क्षेत्रका संस्थाहरूमा देखिएको अर्को समस्या अपूर्ण क्षमता विकास हो । हरेक वर्ष अनेकन संगठनात्मक, कानुनी तथा संस्थागत क्षमता विकासका कार्ययोजनाहरू प्रस्तुत गरिन्छ । तर संगठन, कानुन, नीति नियम बनाउनेदेखि सेवा प्रवाहसमेत कर्मचारी वा मानव-सम्बन्धितमै भर पर्नुपर्ने हुनाले यसका लागि आवश्यक मानवीय क्षमता विकासमा उति ध्यान दिइएको छैन । संस्थागत सुदृढीकरणमा अनेकन आयोग र पुनःसंरचनाका प्रतिवेदन मात्र बन्ने तर कार्यान्वयन नहुने कारण पनि यही हो । अर्कोतर्फ, कर्मचारीको क्षमता विकासकै कारण राम्रा योजना, संस्था र चरित्रको विकास हुने र त्यसैको जगमा गुणस्तरीय सेवा प्रवाह एवम् समग्र विकास अगाडि बढाउन सकिने अन्तर्राष्ट्रिय मान्यतामा हामीले अहिलेसम्म विश्वास गर्न सकेका छैनौं ।

> विद्यमान मानव संसाधन व्यवस्थापनको समग्र चक्रमा आमूल सुधारबाट मात्र जेन-जीले गरेको विद्रोहको शंखघोषलाई व्यवहारमा उतारी प्रभावकारी सेवा प्रवाह एवम् सुशासन सम्भव हुने देखिन्छ

यसै प्रसंगमा हाम्रो सार्वजनिक सेवामा अझै पनि उच्च अध्ययन र तालिमलाई कार्यसम्पादन र वृत्ति विकाससँग जोडिएको छैन । विश्वकै ख्यातिप्राप्त विश्वविद्यालय प्रथम नै भए पनि सिधै सार्वजनिक सेवा प्रवेशको ढोका बन्द छ । यसका आधारमा बढुवा हुने कुनै व्यवस्था पनि छैन । तालिम तथा अवलोकन भ्रमणजस्ता छोटो समयका सिकाइलाई भने एकाधबाहेक विदेश घुम्ने अवसरका रूपमा हेरिएकाले त्यस्ता सिकाइ कार्यक्रममा व्यक्तिको छनोट र तालिमपछि उसले गर्ने कामको उचित तालमेल कमै मात्र भएको छ । देशको राजनीतिक एवम् प्रशासकीय संरचनामा यत्रा फेरबदल हुँदासमेत सार्वजनिक सेवाका मानव संसाधन व्यवस्थापनको पुनःसंरचनामा २०५० सालपछि केही हुन सकेको छैन । कर्मचारीतन्त्र व्यवस्थापनको आधारभूत सिद्धान्त पनि २००८ सालतिरकै छन् ।

**कर्मचारी व्यवस्थापनले पुर्‍याएको व्यवधान**

सार्वजनिक सेवामा हाल प्रयोग गरिएको बढुवा प्रणाली नतिजामुखी सार्वजनिक सेवाका लागि एक अड्चनको रूपमा देखिएको छ । हालको आन्तरिक प्रतिस्पर्धा र कार्यक्षमताका आधारमा गरिने बढुवा दुवैमा समस्या रहेको कारण कुनै पनि कर्मचारीले दिलोज्यान लगाएर काम गर्नेभन्दा पनि जागिरे मानसिकताबाट ग्रसित भएको देखिन्छ । आन्तरिक प्रतियोगितात्मक परीक्षा र कार्यसम्पादनमा कुनै सम्बन्ध हुन नसक्नाले परीक्षातर्फ कर्मचारी केन्द्रित हुँदा कार्यसम्पादनतर्फ ध्यान दिने कर्मचारीहरू वृत्ति विकासमा पछाडि पर्ने प्रवृत्ति अधिकांश सार्वजनिक निकायमा व्याप्त छ । अर्कोतर्फ, कार्यक्षमता मूल्यांकनद्वारा गरिने बढुवामा मूल्यांकन प्रणाली भने कामको नतिजाभन्दा पनि आचारण, व्यवहार तथा सुपरभाइजरसँगको सम्बन्धमा आधार हुने गर्छ । जबसम्म कार्यालयको काममा उच्च योगदान गरेका, सफल नेतृत्वदायी भूमिका निर्वाह गरेका तथा नतिजामुखी कार्यसम्पादन गरेका आधारमा बढुवा जस्ता वृत्ति विकासका अवसर दिने प्रचालन लागू गरिँदैन, कर्मचारीतन्त्रको क्षमता विकासमा अड्चन हट्ने छैन र नीति नियम तथा संगठन बनाएर मात्रै नतिजा अपेक्षा गर्न सकिने छैन । उच्च कार्यबोझ तथा जवाफदेही हुनुपर्ने कारण विकासशील तथा विकसित देशमा कर्मचारीहरू बढुवा हुन मरिहत्ते गर्दैनन् । तर हाम्रोमा भने माथिल्लो ओहदाको सेवासुविधाको रवाफ तर कार्यसम्पादन गर्न नसके जिम्मेवारी लिनु नपर्ने कारण माथिल्लो पद ओगटे पुग्ने प्रवृत्ति हाबी छ । अझ, कतिपय संस्थामा आफूभन्दा तल्लोस्तरका कर्मचारीको तेजोबध गर्ने प्रचलन पनि उत्तिकै छ ।

नेपालमा अर्थराजनीतिले भन्दा आर्थिक क्षेत्रमा समेत विशुद्ध राजनीतिले अन्य एजेन्डा ओझेलमा पारेपछि कर्मचारीस्तरमै राजनीति छिरेको छ, जसलाई जरैबाट अन्त्य गर्ने यो फेरिएको परिस्थितिले सहज बनाउन सक्दछ । उच्च पदस्थहरू नियुक्तिको मूल आधार आफूप्रति आस्थावान व्यक्ति हुने अनुभव प्रायः सार्वजनिक निकायमा हुँदा स्थायी सरकार भनिने कर्मचारी संयन्त्रसमेत राजनीतिक पदभन्दा पनि छिटो परिवर्तन भइरहेका छन् । यसका साथै, सामान्य प्रकृतिका सरकारी सेवा लिनसमेत अझै पनि 'भनसुन' र 'चिनेको मान्छे' खोज्दै हिँड्ने हाम्रो बानी छ । प्रणाली सुधार्ने कसैको ध्यान नजानुमा यो एउटा प्रमुख कारण हुन सक्दछ । कर्मचारीका सरुवाबढुवा पदस्थापन आदिमा राजनीतिक दल वा समर्थित कर्मचारी युनियनहरू हाबी हुँदा प्रणाली सुधारमा केही गर्छु भन्ने कर्मचारी वर्गलाई २/३ महिनामै सरुवा गराउने स्तरको स्वार्थ समूह सार्वजनिक निकायहरूमा हाबी भएका विगतहरू हाम्रासामु छन् । प्रणालीगत सुधार गर्न र दीर्घकालीन योगदान गर्न इमानदार कर्मचारीहरूमा समेत उच्च मनोबल कायम नहुँदा र योगदान गरेकाहरूको समेत उचित कदर र दण्ड/पुरस्कारको व्यवस्था नहुँदा सार्वजनिक निकायको 'डेलिभरी मेसिनरी' कर्मचारीतन्त्र कामै नलाग्ने भएको छ । जसले गर्दा, प्रणालीगत रूपमा भन्दा पनि पद र पहुँचका भरमा राज्यको स्रोत दोहन गरिने 'क्रोनी क्यापिटलिज्म' व्याप्त हुँदै गएको छ । अझ डरलाग्दो पक्ष के छ भने समस्याका चाङ देखिएका संघीयस्तरका संस्थागत संरचनाहरूलाई हाल प्रदेश र स्थानीयस्तरका संरचनामा समेत हुबहु नक्कल गरिँदा संस्थागत संरचना बलिया बनाउने कार्यमा अझै ठूलो अड्चन झनै थपिँदै गएको छ ।

बलिया संस्थाहरूको निर्माण गर्न नेपालको विद्यमान संविधान, नियम/कानुन तथा नीति/कार्यक्रमभन्दा पनि कमजोर राजनीतिक, आर्थिक, प्रशासनिक एवम् सामाजिक संस्थाहरू र यसलाई परिचालन गर्ने कर्मचारीतन्त्र नै जिम्मेवार हुन्छन् । विद्यमान मानव संसाधन व्यवस्थापनको समग्र चक्रमा आमूल सुधारबाट मात्र जेन-जीले गरेको विद्रोहको शंखघोषलाई व्यवहारमा उतारी प्रभावकारी सेवा प्रवाह एवम् सुशासन सम्भव हुने देखिन्छ । संस्था प्रमुखको नियुक्तिदेखि तल्लो तहसम्मका कर्मचारी भर्नालाई उसले गर्ने कार्यसम्पादनसँग जोड्ने, कर्मचारीको पदस्थापन, सरुवा तथा बढुवा कागजी नभई वास्तविक कार्यक्षमताका आधारमा हुने एवम् माथिल्लो पदलाई संस्था सञ्चालनको पूर्ण अधिकार, स्रोतसाधन र स्वतन्त्रता दिने तर तोकिएको जिम्मेवारी पूरा गर्न नसके जुनसुकै बखत पदमुक्त गर्न सक्ने व्यवस्थाको कार्यान्वयन देश रूपान्तरणको केन्द्रबिन्दु हुन सक्दछ । विदेशका प्रख्यात विश्वविद्यालयबाट अध्ययन सम्पन्न गरेका एवम् कार्यानुभव हासिल गरेकालाई सोझै सार्वजनिक सेवामा स्थायी नियुक्ति दिने व्यवस्था गर्न सके पनि विद्यमान सार्वजनिक सेवाको निराशालाई केही कम गर्न सकिन्छ । अन्यथा, हालैको यत्रो ठूलो विध्वंसपश्चात् खोजिएको परिवर्तन सार्वजनिक निकायमा प्रत्यभूत हुने देखिँदैन ।

## गजब छ बा !

अविन




नेकपा 'एस' भन्ने'रू यता आयौं !...
नेकपा 'नो' भन्ने'रू चैं उतै रहे !

# फेरि पनि उठ्नेछौं



विशाल लम्साल

नेताहरूले आफूलाई भगवान्कै दर्जामा राखेर विभेदको साम्राज्य खडा गरे । अन्यायको थिति बसाए । शक्तिको उन्मादमा मात्तिएका बुज्रुकहरूले जनताको ढाडमा टेकेर नाङ्गो नाच देखाए । अझै पनि समाजलाई दिग्भ्रमित पार्ने प्रपञ्च रचिरहेका छन् । अब भने युवाहरू ब्युँझिएका छन् ।

समाजको श्रुतिबिम्बबाट समानता, एकता र भाइचारा अगाडि बढाउँदै संविधान रक्षाका खातिर हामी ज्यानकै बलि दिएर हिँडिसकेका छौं । देश र जनताको भावनाभन्दा माथि अरू केही छैन । विभेदरहित समाजको परिकल्पना र जनताको अधिकार संरक्षण गर्न संविधानको निर्माण गरिएको हो । संविधान केवल देशको मूल कानुन मात्र होइन, गरिब, निमुखा र पीडितहरूको बाँच्ने आधार पनि हो ।

कुनै बेला विकासको दाँजोमा हाम्रै हाराहारीमा रहेका देशहरू आज शिखरमा पुगिसकेका छन् । उदाहरण कोरिया हो । विकासको तीव्र गतिको सम्भावनालाई जापानको उदाहरणबाट हेर्न सकिन्छ । जापानका ठूला भनिने सहरहरू हिरोसिमा र नागासाकीमा कुनै बेला एटम बम प्रहार गरिएको थियो । हजारौं मानिसको निधन भएको थियो । भौतिक संरचनालाई करिब शून्यमा पुर्‍याइएको थियो । हिरोसिमा र नागासाकीले भौगोलिक बनावट मात्र गुमाएन, हजारौंहजार फक्रिँदै गरेका नयाँ सपनाका बीउ पनि गुमाए । तर कुशल नेतृत्वका कारण देशको मुहार फेरियो । विनाश र विकास एउटा सिक्काका दुई पाटा हुन् भन्ने मनन गर्दै अगाडि बढे नेपाल पनि स्वर्ग बन्न धेरै बेर लाग्दैन । आखिर हामीले समातेको डोरी कहाँ कमजोर भयो ? हाम्रा पाइला कता लडखडाए ? कस्तुरी खोज्न हिँडेको मृग जस्तै, आफ्नै स्वर्गभूमिलाई चिन्न सकेनौं । यसैले त हामी पिल्सिरहेका छौं । छिमेकीबाट दबाइएका छौं । अझ भनौं, वीर गोर्खालीको वजनदार इतिहास नामेट पारिरहेका छौं ।

रोजगारीका लागि अरूको देशमा अपमान सहनुपर्ने किन भयौं ? हामीले बाटो कहाँ बिरायौं ? यहाँ उत्पादन न्यून छ । उत्पादनलाई जोड दिने परिपाटी छैन । हरेक ठाउँमा घूस र भ्रष्टाचार, हरेक ठाउँमा राजनीतिक घुसपैठ छ । अनि कसरी हुन्छ, विकास ?



## जेन-जी आवाज

देश बिगार्ने पनि हामीले नै रोजेका प्रतिनिधि हुन् । हामीद्वारा नै सप्रिनुपर्छ । सप्रिन्छन् पनि । हामी आफैंले आफैंलाई पनि हेर्नुपर्छ । इर्ष्या मात्र भरिएको दिमागले विकास सोच्न सक्दैन । परिवर्तन सोच्न सक्दैन । सबैभन्दा पहिले हामी आफैंले आफैंलाई बदल्नुपर्छ । भनिन्छ नि, एक प्रतिबद्धताले दस प्रतिबद्धता जन्माउँछ, दसले सय, सयले हजार, अनि हजार प्रतिबद्धताले परिवर्तन ल्याउँछ ।

हामी देश विकासका लागि परिश्रम बेच्न चाहन्छौं, आफ्नै मातृभूमिमा दस औंला खियाउन चाहन्छौं । जसरी पुर्खाले देशलाई विश्वमा चिनाए, हामी नयाँ पहिचान थप्न चाहन्छौं । प्राकृतिक सुन्दरताले भरिएको यो देशलाई संसारले माया साट्ने मनोरम स्थान बनाउन चाहन्छौं । लाखौं पर्यटक भित्र्याएर अर्बौं आम्दानी गर्न चाहन्छौं ।

२३ र २४ भदौको आन्दोलनले विध्वंस मात्र मच्चाएन, भ्रष्ट र कलंकहरूको सातो पनि लगेको छ । अर्बौंको क्षति भएको, दर्दनाक मानवीय क्षति भएको यी चक्षुबाट ओभाएको छैन । देशले मलम खोजेको छ । सहारा खोजेको छ । हिमाल जस्तै अडिग रहन बलियो आधार खोजेको छ । हामी लडेका हौं, मरेका छैनौं । सहिदहरूको पनि हिसाबकिताब हुनेछ, शंका छैन ।

अब हामी नेपालभर उत्पादनलाई प्राथमिकता दिन चाहन्छौं । पर्यटन प्रवर्द्धन र विकास गर्न चाहन्छौं । देशलाई स्विट्जरल्यान्ड बनाउनु छैन, अमेरिका वा चीन बनाउनु छैन । नेपाललाई नेपाल जस्तै बनाउनु छ । विश्वले भनोस्, एक दिन हामी पनि नेपाल जस्तै बन्नेछौं ।

अग्रजले आर्जेको देशलाई बिग्रन नदिई भावी पुस्तामा सुम्पिनु छ । सहिष्णुता र मानवताको धर्म सिकाउनु छ । कुर्सी र सत्ताका लागि लड्नु छैन । समय बितेको छैन, बादलले घाम छेक्दैमा दिन सकियो कहाँ भन्न सकिन्छ र ? विकासका आगामी दिनहरूमा हजारौं क्रान्ति हुनेछन् । फेरि पनि महाभारत हुनेछ । पापका विरुद्ध धर्मकै जित हुनेछ । कलियुगमा पनि रामकै जित हुनेछ । यसमा कुनै शंका छैन ।

युवाद्वारा गरिएको क्रान्ति पक्कै पनि डगमगाउने छैन । छिट्टै देशमा अमनचयन कायम हुनेछ । ढलेका र जलेका धरोहर मजबुतीका साथ फेरि उठ्नेछन् । छिट्टै स्वर्गको पर्यायवाची नेपाल बन्नेछ । उत्पादन र बजारीकरणभन्दा बाहिरबाट देश विकास सम्भव छैन । परिष्कृत संयन्त्र र भूगोलअनुरूपको उत्पादनलाई जोड दिँदै दिनानुदिन विदेसिन बाध्य गराइएका दाजुभाइहरूलाई देशमै आश्रय दिन सके मात्र देशले काँचुली फेर्न धेरै बेर लगाउने छैन ।

**सूचना:**

**कान्तिपुर दैनिकले जेन-जीका विचार, तर्क, सपना, परिकल्पनालाई समेट्नका लागि 'जेन-जी आवाज' सुरु गरेको छ । जेन-जी उमेर समूहमा पर्नेले आफ्नो सम्पर्क नम्बर र फोटोसहित आफ्नो लेख article@kmg.com.np मा पठाउन सक्नुहुन्छ ।**



# प्रत्यक्ष कार्यकारीको निर्वाचन यो सरकारको 'म्यान्डेट' होइन

● **रक्षा बम**, संयोजक, नेपाल जेन-जी फ्रन्ट

विभिन्न समूहमा रहेका जेन-जीलाई एक ठाउँमा ल्याउने उद्देश्यसहित जेन-जी अगुवा **रक्षा बम**को संयोजकत्वमा 'नेपाल जेन-जी फ्रन्ट' घोषणा भएको छ । जेन-जी आन्दोलनपछि २४ भदौको मध्यराति नेपाली सेनाको जंगीअड्डामा भएको संवाददेखि अहिले बालुवाटार र सिंहदरबारमा भइरहेका वार्तामा सहभागी उनी गणतन्त्र र संविधानको पक्षमा स्पष्ट अडान राख्छिन् । अहिलेको अवस्थालाई निकास दिन निर्वाचनको विकल्प नभएको बताउने उनीसँग कान्तिपुरका लागि **गौरव पोखरेल**ले गरेको कुराकानी :

तस्बिर : दीपक केसी/कान्तिपुर

**तपाईंहरूले 'नेपाल जेन-जी फ्रन्ट' घोषणा गर्नुभएको छ । यसको उद्देश्य के हो ?**

'जेन-जी फ्रन्ट' लाई बुझ्नका लागि आन्दोलनको पृष्ठभूमिमा जानुपर्छ । २३ भदौमा सामाजिक सञ्जालमा प्रतिबन्धको फुकुवा र सुशासनको माग लिएर हामी सडकमा गएका थियौं । सुशासनको मतलब हामीले तिरेको करको पैसा कता छ भन्ने प्रश्न लिएर सडकमा गएका थियौं । तर, २३ भदौमा जे घटना भयो, त्यसले आन्दोलनलाई उग्र बनायो । २३ भदौमा राज्यपक्षले गरेको दमनकै कारण २४ भदौको परिस्थिति बन्यो । त्यसपछि विध्वंस भयो ।

२४ भदौको विध्वंसकारी घटनापछि मात्रै सत्ता ढलेको हो भन्ने भ्रम कतिपयलाई छ । तर, आगजनी र विध्वंसका घटना २ बजेपछि भएका हुन् । तर त्यसअघि नै तत्कालीन प्रधानमन्त्रीको राजीनामा आइसकेको थियो । शान्तिपूर्ण आन्दोलनमा आएका मानिसलाई किन मारियो भनेर २४ गते प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा मागिएको हो । सत्तामा बसेर ताकीताकी नागरिकको छाती र टाउकोमा गोली हानिएका कारण राजीनामा चाहियो भनिएको हो । उहाँहरूको नेतृत्व अक्षम भयो भनेर प्रश्न गर्दै राजीनामा मागिएको हो । त्यसैले २४ गतेको विध्वंसले नभई २३ गतेको नरसंहारले सत्ता परिवर्तन भएको हो भनेर जनमानस प्रस्ट हुनुपर्छ ।

आन्दोलनको अग्रपंक्तिमा हुने हामीहरूले आन्दोलनको 'ओनरसिप' लिनका लागि 'नेपाल जेन-जी फ्रन्ट' घोषणा भएको हो । 'लिडरलेस क्याम्पेन' भनिए पनि हामी केही प्रतिनिधिहरू त थियौं । विभिन्न समूह थियो, विभिन्न प्रतिनिधिहरू थिए । सबैको आ-आफ्नै एजेन्डा थिए, यद्यपि 'बटमलाइन' चाहिँ एउटै थियो, सुशासन । त्यसैले त्यो अभियानमा भएका सबै साथीहरू एकठाउँमा हुनुपर्छ, आन्दोलनको शक्तिलाई संस्थागत गर्नुपर्छ भनेर 'नेपाल जेन-जी फ्रन्ट' को घोषणा गरेका हौं । आन्दोलनका दिन सडकमा भएका सबै समूहका एजेन्डाहरू एकीकृत गर्न र राज्यसँग सम्झौता गर्न पनि यो फ्रन्ट बनाएका हौं ।

**हिजो सडकमै देखिएका कतिपय व्यक्तिको नाम 'फ्रन्ट'मा देखिँदैन । त्यस्तो स्थितिमा राज्यसँग तपाईंहरूले सबैको आवाज समेटिने गरी कसरी सम्झौता गर्नुहुन्छ ?**

हामीले सार्वजनिक गरेको मागमा समेत जेन-जी आन्दोलनको कारणबारे स्पष्ट उल्लेख गरेका छौं । सुशासनका विषय उठाएका छौं । त्यसैले हामीले सार्वजनिक गरेका मुद्दाहरूसँग सहमत हुनु हुने सम्पूर्ण व्यक्तिलाई सँगै आउन आह्वान गरेका छौं । कोही साथीले फरकमत राख्नुहुन्छ, वैचारिक मतभेद हुन्छ र एउटै ठाउँमा आउन नसक्ने वातावरण हुँदा भने अर्को बाटो जान सकिने अवस्था छँदै छ । तर एउटै माग र 'आइडियोलोजी' छ भने एउटै ठाउँबाट अगाडि बढौं भनेर 'नेपाल जेन-जी फ्रन्ट' घोषणा भएको हो ।

**प्रत्यक्ष निर्वाचित कार्यकारी हुनुपर्छ भन्ने माग राख्दै आएका मिराज ढुंगाना, 'हामी नेपाल' का नेतृत्वकर्ता सुधन गुरुङलगायतसँग पनि संवाद गरेर एक ठाउँमा ल्याउन खोज्नुभएको हो ?**

फ्रन्ट घोषणाको उद्देश्य नै मिराज ढुंगाना, सुधन गुरुङ वा अरू समूहसँग संवाद गर्ने हो । सबैजना एक ठाउँमा आउनुपर्‍यो भनेर घोषणा भएको हो । आन्दोलनलाई संस्थागत गर्नका निम्ति विभिन्न समूहसँग संवाद गरेर नै अगाडि बढ्ने हो । राज्यसँग सम्झौता गर्नुपर्ने विषय छन्, त्यसभन्दा अगाडि के-के गरेर जाने भन्ने विषय छन् । तर विभिन्न समूहका आ-आफ्नो माग पनि छन् । त्यस्तोमा कतिपय व्यक्ति र समूहबीच वैचारिक मतभेद भए तापनि आन्दोलनको सवालमा चाहिँ सबैजना सँगै हौं भन्ने उद्देश्य हो ।

राजनीतिक रूपमा आफ्नै तरिकाले पनि जान सकिएला । तर, आन्दोलनको सवालमा चाहिँ सबैजना सँगै हौं र समान धारणा राखौं भन्ने उद्देश्य हो । त्यसैले फ्रन्टले सार्वजनिक गरेको दस्तावेज बनाउनलाई समेत हामीले एक डेढ महिना लगाएका थियौं । हामीले माइतीघरदेखि जंगीअड्डासम्म, राष्ट्रपति कार्यालय शीतल निवासदेखि प्रधानमन्त्री निवास बालुवाटारसम्म एउटै अडान राख्दै आएका थियौं । र, त्यो अडान अहिलेसम्म फेरिएको छैन भन्ने दस्तावेजले पनि देखाउँछ । त्यसैले ती सबै पक्षलाई संस्थागत गर्न खोजेका छौं ।

**तपाईंहरूले सरकारसँग गर्ने भनेको सम्झौता कस्तो हो ? तपाईंहरूकै सिफारिसअनुसार बनेको सरकार छ । जेन-जी सरकार पनि भनिन्छ । आफ्नै सरकारसँग के विषयमा सम्झौता गर्न खोज्नुभएको हो ?**

जेन-जीको सरकार भन्दै गर्दा नेपाल सरकार पनि हो भनेर नबिर्सौं हामीहरू । सुशासनको जगमा, आन्दोलनको जगमा बनेको सरकार पक्कै हो । तर नेपाल सरकार पनि हो । विभिन्न राजनीतिक दलको सरकार पनि हो । प्रहरीको पनि सरकार हो । सबैको सरकार हो । यसपछि आउने सरकार प्रमुखले पनि निरन्तरता दिनुपर्ने किसिमको सम्झौता गर्न खोजिएको हो । राज्यसँग सम्झौता गर्ने सवालचाहिँ आन्दोलनलाई वैधानिकता दिने विषय पनि हो । हामीले एउटा 'ड्राफ्ट' तयार गरिरहेका छौं, 'जेन-जी आन्दोलन, २०८२' भनेर । यसै आधारमा राज्यसँग सम्झौता गर्न खोजेका छौं । अझ राष्ट्रपतिसँग सम्झौता गर्नुपर्ने किमिसका कुरा पनि आएका छन् ।

**सम्झौता गर्नुको उद्देश्य आन्दोलनका विषयवस्तुलाई राज्यको 'रेकर्ड'मा मात्र राख्नु हो वा अरू उद्देश्य पनि छन् ?**

जेन-जी आन्दोलनलाई हामीले राज्यको 'रेकर्ड'मा पनि राख्न खोजेका हौं । यो आन्दोलन नितान्त राजनीतिक आन्दोलनका रूपमा स्थापित गर्नुपर्छ भनेरसमेत सबै जेन-जी साथीहरूबीचमा छलफल भएर अघि बढेका हौं । अर्थात्, सम्झौतापछि राज्यको 'रेकर्ड'मा जेन-जी आन्दोलन पनि रहन्छ । अरू एजेन्डाचाहिँ जेन-जी आन्दोलनको जुन 'म्यान्डेट' छ, जस्तो भ्रष्टाचारका फाइलहरू खोल्ने, २०४६ पछि उच्च पदमा पुगेकाहरूको सम्पत्ति छानबिन गर्ने जस्ता विषयहरूमा राज्यको प्रतिबद्धता माग्न खोजेका हौं । २३ र २४ भदौको घटनाको निष्पक्ष छानबिन हुनुपर्ने, गोली ठोक्नेलाई पनि कारबाही हुनुपर्ने र सिंहदरबार जलाउनेलाई पनि कारबाही हुनुपर्ने भन्ने विषय छन् । यी र यस्ता विषयलाई बुँदागत रूपमा राखिन्छ होला तर मुख्यचाहिँ हामीले आन्दोलनलाई वैधानिकता दिनका लागि नै सम्झौता गर्न खोजेका हौं ।

**तपाईंहरूकै प्रस्तावमा बनेको सरकार छ । स्वच्छ र हक्की छवि भएको प्रधानमन्त्री हुनुहुन्छ । सुशासनका कतिपय एजेन्डा त त्यहीँबाट कार्यान्वयन गर्न सक्ने अवस्था छैन र ? जाँचबुझ आयोग पनि बनेको छ । तपाईंहरूको थप दबाब आवश्यक छ र ?**

यो सरकार हामीले बनाएको हो भन्नेमा स्पष्ट छौं । किनभने, त्यतिखेर 'पावर भ्याक्युम' हुने बेलामा नेतृत्व गरेर सेनासँग, राष्ट्रपतिसँग हामीले छलफल गरेका थियौं । त्यतिबेला सडकमा अर्कै कठिन माहोल थियो । त्यतिबेला हामीले नागरिक सरकार बनाउने प्रस्ताव राखेका थियौं । त्यसपछि नै सरकार गठन भयो । सरकार त हाम्रै इच्छाले बनेको हो । पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई हामीले नै प्रस्ताव गरेको हो । उहाँलाई अन्तरिम सरकारको नेतृत्व लिनुस् भनेर भन्दै गर्दा सडकको प्रस्ट 'म्यान्डेट' पनि दियौं- भ्रष्टाचार नियन्त्रण, सुशासन, पारदर्शिता र जवाफदेहिता । संविधानका मुख्य स्तम्भहरू बलियो हुनुपर्ने अपेक्षा पनि सुनायौं । यसरी हाम्रो 'म्यान्डेट'लाई ख्याल राख्दै चुनाव गराउनुपर्ने सरकारले आफ्नै 'म्यान्डेट' पनि पूरा गर्नुपर्ने छ । तर, के बिर्सिनु हुन्न भने यो समग्र देशको सरकार पनि हो । जेन-जीले जस्तो भन्यो, त्यस्तै मात्र गरिनुपर्छ भन्नु हुँदैन । अर्थात्, निर्णय प्रक्रियामा हस्तक्षेप गरिनु हुँदैन जस्तो लाग्छ । तर, सरकारले पनि जेन-जीले उठाएका मागमा महसुस हुने गरी काम गर्नुपर्छ ।

**जुन एजेन्डामा सम्झौता गर्ने भन्नुभयो, त्यो भनेको सरकारलाई विश्वास नगरेको स्थिति हो ?**

अहिले बनेको सरकार जेन-जीको मात्र होइन । प्रधानमन्त्री सुशीला कार्कीले पूर्वदेखि पश्चिमसम्मका नेपालीहरूको मुद्दालाई सम्बोधन गर्नुपर्छ । हामीले हाम्रो लागि मात्र गरेको आन्दोलन पनि होइन । २४ भदौमा हरेक पुस्ता सडकमा आएको छ । पहिलो दिन मान्छे मारियो भनेर दोस्रो दिन हरेक पुस्ता सडकमा आएको हो । वर्षौंदेखि बेथिति मच्चाउने, भ्रष्टाचार गर्ने, कुशासन कायम गर्ने, नागरिक आवाजलाई दमन गर्ने प्रवृत्तिको विरोध गर्दै सबै नागरिक सडकमा आएका हुन् । त्यसैले यो सबैको सरकार हो । जति हामीलाई अधिकार हो, त्यति नै अरूको पनि हो । विभिन्न दलका कार्यकर्ताहरूको पनि सरकार हो । उहाँहरूलाई पनि हाम्रो सरकार भन्ने अधिकार छ । संक्रमणकालीन अवस्थामा देशका लागि कस्ता किसिमका मागलाई सम्बोधन गर्दा राम्रो होला भनेर सरकारले पनि सोचिरहेको होला । र, हामीलाई पनि वार्ता र छलफलमा सहभागी गराएर नै सरकार अघि बढिरहेको छ । र, भ्रष्टाचारका फाइलहरू पनि खोल्छु भनिरहेको छ । सरकार तयारीमै छ । एकैचोटि सबै फाइल खोल्नुपर्छ भन्ने कुरा पनि भएन । तर, केही सन्देश दिने काम हुनेछ भन्ने अपेक्षा छ ।

**नयाँ सरकार बनेको डेढ महिना भइसकेको छ । यस अवधिलाई कसरी समीक्षा गर्नुहुन्छ ?**

हामीले सरकारलाई खबरदारी पनि गरिरहेका छौं, जवाफदेहिता पनि मागिरहेका छौं । यो भएन, त्यो भएन भन्ने सल्लाह र सुझाव पनि दिइरहेका छौं । यत्रो वर्षदेखि देशलाई भ्रष्टाचारको दलदलमा फसाइएको थियो । त्यसबाट एकै दिनमा अथवा एकै महिनामा निकास पाइन्छ भनेर हामीले आशा गर्छौं भने स्वाभाविक पनि होइन । तर, सुशासनलाई संस्थागत गर्नका निम्ति कदम अघि बढेको छ भनेर भन्न सक्छौं । भ्रष्टाचारसम्बन्धी फाइलहरू पनि खुल्ने तयारीमा छन् । केही कारबाही सुरु पनि भएका छन् । यस कामका लागि अध्ययन पनि चाहिन्छ, समय लाग्छ । यत्रो वर्षदेखि हरेक क्षेत्रमा राजनीतीकरण भइरहेको छ । तर, अहिले एकदमै स्वतन्त्र मान्छेहरू 'क्याबिनेट'मा छन् । 'ब्युरोक्रेसी'देखि हरेक क्षेत्रमा राजनीतिक हस्तक्षेप थियो । अहिलेको नागरिक सरकारले ती सबैलाई अगाडि बढाइराख्नुपर्छ । सरकारप्रति हाम्रो एकदमै सहानुभूति छ । तर, हामी 'वाचडग'को भूमिकामा पनि छौं । चाहे नागरिक सरकार होस् या पछि अरू कुनै सरकार होस्, त्यसबेला 'वाचडग'को काम गर्नुपर्छ । गलत काम गरेमा औंलो ठड्याएर प्रश्न गर्नुपर्छ भन्ने हाम्रो बुझाइ हो ।

**जेन-जीहरूकै बीचमा २३ भदौमा भएको आन्दोलनमा दमन गरेको आरोपमा तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीलाई गिरफ्तार गर्ने कि नगर्ने भन्ने विषयमा फरकफरक मत देखिन्छ । तपाईंको धारणाचाहिँ के हो ?**

हाम्रो पहिलो 'म्यान्डेट' २३/२४ गतेको घटनालाई निष्पक्ष छानबिन गरेर दोषीलाई कारबाही गर्नु नै हो । अनि, हामीले विधिको शासनको कुरा गरेका हौं र त्यो विधिपूर्वक नै हुनुपर्छ भनिरहेका छौं । आउनेबित्तिकै फाइल खोल्यौं भनेर प्रक्रिया, विधि नहेरी काम गर्ने हो भने हामी पनि केपी ओली बन्न खोजेको हो कि त भनेर प्रश्न उठ्ला । त्यो त होइन । तिमीहरू गलत थियौं भनेर औंला ठड्याइसकेपछि उनीहरूकै प्रवृत्ति हामीले दोहोर्‍याउने होइन । जाँचबुझ आयोग बनेको छ । त्यसको प्रतिवेदनअनुसार, त्यसले भनेका व्यक्तिलाई कारबाही हुनुपर्छ भन्ने माग हो ।

अहिलेको अहिल्यै पक्राउ गर्नुपर्ने कुरा पनि आएका छन् । त्यो स्वाभाविक पनि हो भन्ने लाग्छ । किनकि कतिपयले आफ्नो सन्तान गुमाएका छन्, प्रियजन गुमाएका छन्, त्योभन्दा ठूलो पीडा त कसैका लागि केही हुनैसक्दैन । त्यही भएर उहाँहरूले माग गर्नु अथवा दोषीलाई सजाय देऊ भन्नु गलत होइन । उहाँहरूले त्यस विषयमा उजुरी दिनु, जाहेरी दिनु नितान्त कानुनसम्मत अधिकार हो । आयोगले पनि फौजदारी अभियोग लाग्ने मुद्दामा आफ्नो प्रतिवेदन कुर्नु पर्दैन भनेर भनेको छ । आयोगले आफ्नो हिसाबले सम्बन्धितलाई बयानका लागि बोलाउँछ तर यदि प्रहरीमा उजुरी परेको छ भने त्यसअनुसार कारबाही हुन्छ । अस्ति 'अरेस्ट केपीओली' अभियान चलेको थियो । त्यतिबेला सहिद परिवारले उजुरी हाल्न खोज्नुभएको थियो । त्यो पीडितको अधिकार पनि हो । त्यसलाई रोक्ने भन्ने कुरा पनि हुँदैन ।

**तपाईंले आयोगको छानबिन हेरेर अघि बढ्ने भन्नुभयो । तर, 'अरेस्ट केपीओली' भन्ने अभियानमा पनि संलग्नता जनाउनुभएको थियो । अमिल्दो भएन र ?**

अहिलेको अहिल्यै पक्राउ गर्नुपर्छ भनेर मैले लेखेको छैन । मैले त्यो दिनको दोषीलाई कारबाही गर्ने मुद्दामा सबै जना एक ठाउँमा छौं भनेर सन्देश दिन खोजेको हुँ । एउटा आन्दोलनकारीका रूपमा मैले हरेक चोटि केपी ओलीलाई पक्राउ गर्नुपर्छ भनेको छु, लेखेको छु । ओली, रमेश लेखक वा त्यस दिनका दोषीलाई कारबाही गर्ने मुद्दामा सबै जना साथमै छौं, त्यो एजेन्डामा जेन-जीमा कुनै मतभेद छैन भनेर मैले अभियानलाई समर्थन गरेको हुँ । तत्कालै अहिलेको अहिल्यै पक्राउ गर भनेर भनेको होइन । सरकारलाई तपाईंहरूको 'म्यान्डेट' यो पनि हो है भनेर झक्झक्याउन चाहिँ खोजेका हौं । तपाईंहरू यो कुरा नबिर्सिनुस् है भन्न खोजेका हौं । कसैले त्यो दिनको कुरालाई बिर्सिनु हुँदैन, आयोगले पनि खुट्टा नकमाओस् भनेर चेतावनीसहित खबरदारी गर्न त्यो अभियान चलाइएको थियो ।

**अब निर्वाचनको कुरा गरौं । बालुवाटारमा सरकार तथा जेन-जी र दलहरूको त्रिपक्षीय वार्ता पनि भयो । दलहरूलाई के सन्देश दिनुभयो ?**

वार्तामा बस्दा अधिकांश दलका नेताज्यूहरू चुनावकेन्द्रित नै हुनु भएको पायौं । एमालेका तर्फबाट चाहिँ संसद् पुनःस्थापनाका कुराहरू पनि आए । त्यसमा चाहिँ स्पष्ट सन्देश दिएका छौं, अबको बाटो त्यो होइन । त्यो कुरा एमाले प्रतिनिधि आउँदा मलाई प्रश्न गर्न मन लाग्यो, 'तपाईंहरू कुन नैतिक आधारमा त्यो कुरा गर्दै हुनुहुन्छ ? जबकि तपाईंकै पार्टी सरकारमा हुँदा पटकपटक संसद् विघटन भएका थिए ।' यो कुरा हामीले बैठकमा पनि राख्यौं । आफ्नो कुर्सी बचाउनका निम्ति हुने संसद् विघटनचाहिँ संवैधानिक हुने, अनि जनताको 'म्यान्डेट' पाएको सत्ता चाहिँ असंवैधानिक हुने भन्ने हुन्छ ? उहाँहरूले सर्वपक्षीय सरकार बनाउने प्रस्ताव पनि गर्नुभएछ । त्यो सर्वपक्षीय भनेको के हो ? अहिलेको सरकार त सर्वपक्षीयभन्दा ठूलो सर्वमान्य सरकार हो ।

> "अग्रपंक्तिमा हुने हामीहरूले आन्दोलनको 'ओनरसिप' लिनका लागि 'नेपाल जेन-जी फ्रन्ट' घोषणा भएको हो ।
>
> पहिलो 'म्यान्डेट' २३/२४ गतेको घटना निष्पक्ष छानबिन गरेर दोषीलाई कारबाही गर्नु नै हो । त्यो विधिपूर्वक नै हुनुपर्छ ।
>
> एमालेले सर्वपक्षीय सरकार बनाउने प्रस्ताव गरेको छ । अहिलेको सरकार त सर्वपक्षीयभन्दा ठूलो सर्वमान्य सरकार हो ।
>
> चुनाव लड्ने वा नलड्नेबारे सोचिसकेको अवस्था छैन । म छलफलमै छु ।
>
> शासकीय स्वरूप फेरिएर मात्रै यो देशको समस्या समाधान हुन्छ भनेर व्यक्तिगत रूपमा सोच्दिनँ । प्रत्यक्ष कार्यकारी अहिले यो सरकारको 'म्यान्डेट'मा पनि छैन ।"

सर्वमान्य प्रधानमन्त्रीको सर्वमान्य 'क्याबिनेट' छ । त्यस्तोमा अरू प्रश्न गर्नुपर्ने कुरा छ जस्तो लाग्दैन । चुनावी वातावरण छैन, चुनावी माहोल छैन, भयावह स्थिति छ भनेर चुनाव नगर्ने बाटोतिर नजाऔं भनेर सबैलाई आग्रह गरेका छौं । सुरक्षाका नाममा चुनाव टार्ने कुरा नगर्नुस् भनेका छौं । त्यो टार्ने हो भने १० वर्ष जनयुद्ध भएर चुनाव हुनुअघिको परिस्थिति के थियो सम्झनुस् भनेका छौं । भर्खरै शान्ति सम्झौता भएका बेला कति हतियार बाहिर थिए ? कति घटनाहरू भइरहेका थिए, चुनाव हुँदै गर्दा बुथबाहिर 'एम्बुस'हरू पड्किरहेका थिए । प्रहरी र सेनाको अहिलेभन्दा बढी मनोबल खस्किएको थियो । त्यो बेला त चुनाव भयो भने अहिले त त्यस्तो स्थिति छैन । त्यसैले सबै चुनावका लागि तयार हुनुपर्छ भनेका छौं । र, एमालेबाहेक अरू सबै दलले चुनावमा तयार छौं भनेर स्पष्ट सन्देश पनि दिएका छन् । र, अहिलेको अवस्थालाई लोकतान्त्रिक निकास दिने बाटो चुनाव नै हो । यो कुरा दलहरूले पनि राम्रोसँग बुझेका छन् । त्यसैकारण चुनावमै केन्द्रित हुँदा सबैलाई राम्रो हो भन्ने लाग्छ । सुरक्षाका विषयहरूमा अझ बढी आश्वस्त तुल्याउने गरी सरकारले काम गर्छ । तर, त्यसलाई बहाना बनाएर पछि हट्ने काम नगरौं भनेका छौं ।

**दलहरूले अझै त्रासको स्थिति छ भनेका छन् । उनीहरूलाई चुनावको तयारीमा लाग्न तपाईंहरूले अनौपचारिक रूपमा पनि संवाद गरिरहनुभएको छ ?**

दलका केही नेताहरूसँग व्यक्तिगत रूपमा भेट भएर केही कुरा भएका छन् । 'एक्सेस' भएकाहरूसँग पनि कुरा भएको हो । तर, औपचारिक रूपमा चाहिँ बालुवाटारमै त्रिपक्षीय संवाद भएको हो ।

**चुनावको वातावरण बनाउन सरकारलाई चाहिँ के सुझाव दिनुहुन्छ ?**

सुरक्षा संयन्त्रको मनोबल बढाउनुपर्ने चुनौती छन् । बाहिर भएका हतियारलाई नियन्त्रणमा ल्याउन सरकारले काम गरिरहेको छ । फरार कैदीबन्दीलाई पनि भित्र ल्याउने कुरामा सशक्त रूपमा अघि बढ्नुपर्छ । दलहरूसँग निरन्तर संवाद गरिरहनसमेत सुझाव दिएका छौं । काम भइरहेको छ । समाजका अरू सरोकारवालाहरूसँग पनि सरकारले संवाद गरिरहेको छ, औपचारिक/अनौपचारिक कुराकानी गरिरहनुपर्छ ।

**तपाईंले 'नेपाल जेन-जी फ्रन्ट' घोषणा गरेको चाहिँ चुनावमा उठ्ने तयारी स्वरूप पनि हो ?**

चुनावमा कुन रूपमा जाने भन्ने विषयमा हाम्रो छलफल भइरहेकै छ । चुनावको कुरामा भावनात्मक रूपले मात्र सोचेर हुँदैन, त्यो प्राविधिक कुरा पनि हो । त्यही भएर कसरी अघि बढ्न ठीक हुन्छ भनेर छलफल गरिरहेका छौं । फ्रन्टको काम सरकारलाई सहयोग गर्ने पनि हो । यसबाट हामीले मतदाता अधिकारदेखि राजनीतिक सचेतनाका काम गर्न खोजेका छौं ।

व्यक्तिगत रूपमा मेरो अहिलेसम्म टुंगो लागेको छैन । जेन-जीबाट पनि चुनावमा आउनु त पर्छ, म साथीहरूलाई आह्वान पनि गर्छु । युवाहरू राजनीतिमा होमिनुपर्छ । मेरो र हाम्रो हकमा जेन-जी साथीहरूले नेतृत्वका लागि तयार छौं भनेर स्पष्ट सन्देश दिएका छन् । अरू कुरा छलफल भइरहेका छन् ।

**मिराज ढुंगानाले आफ्नो एजेन्डा राखेर यही अवस्थामा चुनाव नलड्ने भन्नुभएको छ । तपाईंले भने संविधानलाई मान्ने भनेर स्पष्टसँग भन्दै आउनुभएको छ । यस्तोमा तपाईंचाहिँ चुनाव लड्ने त निश्चित नै होला नि ?**

चुनाव लड्ने वा नलड्नेबारे सोचिसकेको अवस्था छैन । म छलफलमै छु । हामी भर्खरै 'ट्वान्टिज' मा छौं, जीवनको 'करिअर'का लागि पनि धेरै कुरा गर्नुछ । राजनीतिलाई पेसा बनाउनु हुँदैन भन्नेमा स्पष्ट छौं । त्यसैले पैसा कमाउने गरी आफ्नो क्षेत्रको काम पनि गर्नुपर्नेछ । हामी पुराना नेता जसरी राजनीतिलाई पेसा बनाउँदैनौं, त्यसैले यसमा छलफल भइरहेको छ ।



**'नेपाल जेन-जी फ्रन्ट' राजनीतिक दलमा परिवर्तन हुने सम्भावना पनि छ ?**

सम्भावना त हरेक कुराको हुने भयो । तर, अहिले नै राजनीतिक दलमा परिणत हुन्छ भनेर भन्न सक्दिनँ । स्थापित दलहरूको जुन किमिसको दलदल छ, त्यसबाट निस्किनका लागि एउटा वैकल्पिक धार आउनुपर्छ भन्ने मलाई लाग्छ । तर, आफू स्वयं चुनावमा आउने कि कसैलाई 'सपोर्ट' गर्ने भन्ने कुरा पनि होला ।

**चुनावमा जाने अवस्थामा चाहिँ तपाईंको रोजाइ पुरानै दल हो कि, रास्वपा हो कि, हालै गठन भएको पार्टी हो कि, नयाँ गठन हुने तयारीमा रहेका दल ?**

पुराना पार्टीहरूभन्दा पनि रास्वपालाई हामी नयाँ नै भन्छौं । वैकल्पिक धारबाट उदाएको पार्टी हो । यद्यपि, हाम्रो रोजाइ त अझै नयाँ आउने दल पनि हो । तर, रास्वपाले एउटा वैकल्पिक शक्तिको 'ग्रेटर एलायन्स' बनाउँछ भने त्यो पनि एउटा सम्भावना हुन सक्ने भयो । ती सबै छलफल भइरहेका विषय हुन् । ती छलफल अब फ्रन्टले गर्छ । यसले समाजका सबै सरोकारवालासँग पनि संवाद गर्छ ।

**विगतमा वैकल्पिक शक्तिहरू फरकफरक रूपमा चुनावमा लड्दा पुरानै शक्तिलाई फाइदा पुगेको उदाहरण पनि छ । त्यस्तो हुन नदिन अहिले देखिएका वैकल्पिक शक्तिहरू, जेन-जीहरू एकठाउँमा उभिने सम्भावना कत्तिको छ ?**

म राजनीतिक रूपमा अघि बढ्ने र चुनावमा सहभागी हुने कुरालाई दुई फरक दृष्टिकोणबाट हेर्छु । राजनीतिक रूपमा जाँदा एजेन्डाअनुसार फरकफरक हिसाबमा अघि बढ्न सकिन्छ । तर, चुनावमा जाँदा समान मत भएका पक्षहरू मिलेर पुराना शक्तिलाई चुनौती दिने गरी अघि बढ्न सकिन्छ । आन्दोलन गरेर मात्र होइन, 'वि क्यान लिड नाउ', 'लेट अस लिड नाउ' भनेर चुनौती दिने वातावरण सिर्जना गराउनका निम्ति चाहिँ एउटा ठूलो बृहत् 'अलायन्स' बन्छ, त्यसमा समाजका हरेक 'स्टेकहोल्डर'का प्रतिनिधि हुन्छन् भने त्यसमा सामेल हुन र समर्थन गरेर अघि बढ्न केही समस्या हुँदैन । तर, त्यसपछिको राजनीतिक यात्रा के हुन्छ भन्ने कुराचाहिँ फरक हुन सक्छ । त्यसबेलाको कुराहरू तय गर्न समय पनि लाग्छ । प्राविधिक रूपमा चाहिँ बृहत् 'एलायन्स'का लागि हामी खुला नै छौं । व्यक्तिगत रूपमा आफैं चुनावमा नआए पनि समर्थन गर्न खुला छौं ।

**पहिलो संविधानसभालाई २०६२/६३ पछि सत्तामा आएका दलहरूले अग्रिम 'म्यान्डेट' दिएका थिए । संविधानसभा त्यसैअनुसार अघि बढ्यो । जेन-जी आन्दोलनपछिको निर्वाचनबाट बन्ने संसद् र सरकारलाई केही 'म्यान्डेट' दिइनुपर्छ कि पर्दैन ?**

त्यसैका लागि हामीले विभिन्न राजनीतिक दलहरूलाई राखेर एउटा 'म्यान्डेट' बुझाउन आवश्यक छ । जस्तो भ्रष्टाचार यति धेरै छ, फाइल खोल्दाखोल्दै ६ महिना बित्छ । त्यसपछिको सरकारले यसको निरन्तरता दिनुपर्नेछ । त्यो कुरा बुझाउनुपर्नेछ । अब आउने संसद्ले कतिपय छानबिनका विषयहरूलाई सम्बोधन गर्ने परिस्थिति बन्नुपर्छ ।

**शासकीय स्वरूप, संघीयताको कुरा पनि छन्, सर्वदलीय बैठकमा मिराज ढुंगानाले प्रत्यक्ष निर्वाचित कार्यकारीको कुरा पनि उठाउनुभयो, तपाईंको विचारचाहिँ के हो ?**

त्यो वार्तामा हामी १४ जना थियौं, तर एक जनाले मात्र त्यो विषय राख्नुभएको हो । लोकतन्त्रमा बहुमतको कदर गरिनुपर्छ, हामी एक जनाको कुरालाई पनि कदर गर्छौं । भोलि दुई तिहाइबाट त्यो एजेन्डा सम्बोधन हुन्छ, उहाँले टेबल ठटाएरै त्यो एजेन्डालाई पारित गर्नुहुन्छ भने त्यसलाई पनि लोकतान्त्रिक अभ्यास नै मान्छौं । त्यतिबेला आम जनताले मागेको हो भन्नुपर्छ । तर, अहिलेको सरकारसँग त्यो 'म्यान्डेट' छैन । शासकीय स्वरूप फेर्नका लागि यो आन्दोलन भएको पनि थिएन । जतिले जे भने पनि भ्रष्टाचारविरुद्ध र सामाजिक सञ्जालमा प्रतिबन्धविरुद्ध बोल्न मानिस सडकमा आएका थिए । त्यो भीडमा शासकीय स्वरूपको कुरा टाढाटाढासम्म पनि चर्चा भएको थिएन ।

**चुनाव पछाडिको मुलुक कस्तो होस् भन्ने तपाईं र 'फ्रन्ट'को कल्पना छ ?**

विगतको जस्तो पात्र मात्र फेरिने खालको माहोल हामीले कल्पना गरिरहेका छैनौं । हाम्रो 'म्यान्डेट' सुशासन हो, त्यो कायम गर्ने सरकार आउँछ भन्ने हाम्रो बुझाइ हो । इतिहासमा जति पनि आन्दोलन भए, ती व्यवस्था परिवर्तनका लागि भए । हाम्रो आन्दोलनचाहिँ अब अवस्था परिवर्तनका लागि गरिएको हो । संविधानमा भएका महत्त्वपूर्ण स्तम्भहरूलाई बलियो पार्नलाई गरिएको आन्दोलन हो । संविधानमा त लेखिएको छ, समावेशिता, जवाफदेहिता, पारदर्शिता, जनतामा निहित सार्वभौमसत्ता, नागरिक स्वतन्त्रता । यति राम्रो संविधान छ, त्यसलाई कार्यान्वयन गराउने हो । तर, संविधानमा यीबाहेक केही विषय संशोधन गरिनुपर्ने होलान् । १० वर्षमा कतिपय कुरामा फेरि पुनरावलोकन गर्नुपर्छ भन्ने मान्यता छ । यस्ता कुराहरूमा छलफल गर्न सकिन्छ ।

यो संविधानमा धेरै राम्रा कुराहरू छन्, आन्दोलन त्यसलाई बलियो बनाउन भएको हो । म शासकीय स्वरूप फेरिएर मात्रै यो देशको समस्या समाधान हुन्छ भनेर व्यक्तिगत रूपमा सोच्दिनँ । प्रत्यक्ष कार्यकारी अहिले यो सरकारको 'म्यान्डेट'मा पनि छैन । दोस्रो, अब बन्ने संसद्बाट चाहिँ शासकीय स्वरूप परिवर्तन गर्ने भनेर दुई तिहाइले नै पारित गरेछ भने मैले पनि सहमति जनाउँला । तर, अहिले व्यक्तिगत यो देशमा प्रत्यक्ष कार्यकारी आवश्यकता हो भन्ने मलाई लाग्दैन ।

# पार्टी एकता निर्णयपछि माओवादी र एकीकृत समाजवादीमा विग्रह

गंगा बीसी (काठमाडौं)

पार्टी एकता गर्ने निर्णयले माओवादी र एकीकृत समाजवादीमा विग्रह आएको छ। दुई दलबीच एकता हुने भएपछि माओवादी नेता जनार्दन शर्माले लिखित फरक मत राखेका छन् भने एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनाल र महासचिव घनश्याम भुसालले छुट्टै भेला गरेका छन्।

एकीकृत समाजवादीले माओवादीसँग एकता गर्ने नीतिगत निर्णय शुक्रबार नै गरेको छ। शनिबार बसेको माओवादीको केन्द्रीय सचिवालयले पनि एकीकृत समाजवादी, नेकपा समाजवादी, जनसमाजवादी, नेपाल समाजवादी पार्टी र नेपाल कम्युनिस्ट पार्टी (चिरन पुन) समूहसँगको एकतालाई टुंगोमा पुऱ्याउने निर्णय गरेको छ।

माओवादीको सचिवालय बैठकमा नेता शर्माले बृहत् वाम एकता नगरी एकतामा जान नहुने भन्दै फरक मत राखेका हुन्। एकीकृत समाजवादीलगायत दलसँग भएको एकतामा नजाने उनको भनाइ छ। उनले एकता प्रक्रिया स्थगन गर्दै पार्टीको समग्र पुनर्गठन, वैचारिक स्पष्टता र जनपक्षीय दिशामा अघि बढ्न आग्रह गरेका छन्।

शर्माले मंसिरभित्र विशेष महाधिवेशन र खुला प्रतिस्पर्धाबाट नेतृत्व चयन गर्ने मागलाई बेवास्ता गर्दै पार्टी एकतामा जानु गलत हुने बताए। 'केन्द्रीय कमिटीले दुई पटक महाधिवेशन गर्ने, प्रतिस्पर्धात्मक रूपमा नेतृत्व चयन गर्ने भनी गरेको निर्णयलाई छल्न एकता भनिँदै छ,' उनले भने, 'यस्तो एकताले पार्टी विघटन हुने दिशामा अघि जान्छ।'

नेता शर्माले माओवादी विचार र पहिचान परित्याग गर्दै बहुदलीय जनवादका आधारभूत मान्यतासँग आत्मसमर्पण गर्न खोजेको आरोप लगाएका छन्। 'पार्टीको सुदृढ नगर्ने, तलसम्म गुटबन्दी गर्ने र आन्दोलनको भावनाविपरीत हुने एकतालाई मान्न सकिँदैन,' उनले कान्तिपुरसँग भने।

माओवादीका अर्का नेता अग्निप्रसाद सापकोटाले भने शर्माको अभिव्यक्ति गैरराजनीतिक र अराजक भएको टिप्पणी गरे। 'जनार्दनजीको तौरतरिका लोकतान्त्रिक र राजनीतिक छैन। संयोजक (पुष्पकमल दाहाल) लगायत सबैले बस्नुस्, छलफल गरौं, निष्कर्षमा पुगौंला भन्नुभयो, उहाँले मान्नुभएन,' उनले भने।

माओवादीका अर्का नेता नारायणकाजी श्रेष्ठ पनि बृहत् वाम एकता गरेर अघि जानुपर्ने पक्षमा छन्। 'हतारमा एकता गर्दा फेरि समस्या आउन सक्छ,' उनले सचिवालय बैठकमा भनेका थिए, 'राजनीतिक, वैचारिक र सांगठनिक स्पष्टता गरेर मात्र एकतामा जान आवश्यक छ।'

बैठकपछि पार्टी संयोजक दाहालले पार्टीभित्र छलफल भए पनि विग्रह नआउने दाबी गरे। 'केन्द्रीय कमिटी बैठकसम्म माओवादी एक भएर जानेछ। पार्टीमा केही पहिरो जाँदैन,' उनले भने, 'जनार्दनजी पनि आउनुहुन्छ।'

> माओवादीमा एकता निर्णयविरुद्ध नेता जनार्दन शर्माको लिखित फरक मत, एकीकृत समाजवादीमा असन्तुष्ट पक्षको छुट्टै भेला

माओवादी, एकीकृत समाजवादीलगायत मिलेर बन्ने पार्टीको नाम 'नेकपा (समाजवादी)' नाम राख्ने समझदारी छ। यो नामको दल राजु कार्कीका नाममा दर्ता भइसकेको छ। चुनाव चिह्न 'तारा' बनाउने तयारी छ, जुन सुभाषराज काफ्लेका नाममा दर्ता भएको 'जनसमाजवादी पाटी' को चुनाव चिह्न हो।

पार्टी एकतापछि बन्ने महाधिवेशन आयोजक समितिको संयोजकमा पुष्पकमल दाहाल हुने भनिएको छ।

माओवादी नेता अग्निप्रसाद सापकोटाले एकीकृत समाजवादीलगायत दलसँग एकता गर्न राजनीतिक, वैचारिक र सैद्धान्तिक विषयमा सहमति भइसकेको जानकारी दिए। 'तोकिएकै समयमा निर्वाचन गराउने वातावरण निर्माणका लागि पार्टी एकता हुन लागेको हो। एकता ढिला गरियो भने राष्ट्र झन् संकटमा पर्छ। त्यसैले अब छिट्टै एकता हुन्छ,' उनले भने।

फुटको संघारमा एकीकृत समाजवादी

माओवादीसँग एकता गर्ने नीतिगत निर्णय एकीकृत समाजवादीले लिएपछि वरिष्ठ नेता झलनाथ खनाल, महासचिव घनश्याम भुसाललगायत नेताहरूले असहमति जनाएका छन्। शनिबार छुट्टै भेला गरेका उनीहरूले पार्टी पुनर्गठन गर्न भन्दै आफ्नो पक्षको केन्द्रीय कमिटी बैठक बोलाएका छन्।

भुसाल समूहका नेता दामोदर अर्यालले बैठक गरेर एकीकृत समाजवादीको पुनर्गठनमा उभिन सम्पूर्ण नेता तथा कार्यकर्तालाई आह्वान गरिने जानकारी दिए। 'अन्य वामपन्थी दलभित्र पनि पुनर्गठन गर्न आग्रह गर्छौं,' उनले भने।

शनिबार भएको छुट्टै भेलामा खनाल र भुसालका साथै उपाध्यक्ष घनेन्द्र बस्नेत, उपमहासचिव विजय पौडेल, स्थायी कमिटी सदस्यहरू जीवनराम श्रेष्ठ, रामकुमारी झाँक्री, हरि पराजुलीलगायत सहभागी थिए। नेता अर्यालका अनुसार केन्द्रीय कमिटीका ४ सय ५५ मध्ये १ सय ५८ जनाले पुनर्गठनको पक्षमा उभिने जानकारी दिएको दाबी गरे।

माओवादीसँग एकताको विपक्षमा रहेका एकीकृत समाजवादीका केही नेताहरू एमालेसँग संवादमा छन्। एमाले अध्यक्ष केपी शर्मा ओलीले शुक्रबार नै एकीकृत समाजवादीका असन्तुष्ट नेतालाई लक्ष्य गरी घर फर्कन आह्वान गरेका छन्। 'एकीकृत समाजवादीका नेताहरूसँग अनौपचारिक संवाद सुरु भइसकेको छ। अध्यक्ष माधवकुमार नेपाल पक्ष माओवादीतिर गए अर्को पक्ष एमालेतिर आउने सम्भावना छ,' एमालेका एक नेताले भने।

एमाले अध्यक्ष ओलीले घर फर्कन आह्वान गरेपछि एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले जनताको बहुदलीय जनवाद छाडेर नेपाली विशेषताको समाजवादमा जानुपर्ने, सम्मानित पद पाउनुपर्ने लगायत सर्त अघि सारेका छन्। सैद्धान्तिक र राजनीतिक आधारमा सहमति हुनुपर्ने पनि उनको भनाइ छ। तर एमालेका एक नेताका अनुसार खनाल र भुसाललाई भित्र्याउन ओली सकारात्मक छैनन्।

एकीकृत समाजवादीका कतिपय नेताले माओवादीसँग एकता हुँदा पार्टी अस्तित्व झन् संकटमा पर्ने भन्दै चिन्ता व्यक्त गर्न थालेका छन्। महासचिव भुसाल माओवादी वा एमाले कतै नगएर युवाको नेतृत्वमा छुट्टै ध्रुवीकरण गर्ने पक्षमा छन्। पहिलो पुस्ताबाट हुने वाम एकताले मुलुकमा आशा जगाउन नसक्ने उनको भनाइ छ।

एकीकृत समाजवादीकी स्थायी कमिटी सदस्य रामकुमारी झाँक्रीले पार्टी पुनर्गठनसहित वाममोर्चा बनाएर जाने तयारी रहेको बताइन्। 'निर्वाचन प्रयोजनका लागि समेत वाममोर्चा बनाएर जाने तयारी छ,' उनले भनिन्। झाँक्री एमाले नेताहरूसँग संवादमा छिन्।

# रवीन्द्र मिश्रको 'माथिको आदेश छ'




काठमाडौं (कास)- राप्रपाका वरिष्ठ उपाध्यक्ष एवम् लेखक रवीन्द्र मिश्रले ५० दिन प्रहरी हिरासतमा रहेका बखत लेखेका कविताहरूको संग्रह 'माथिको आदेश छ' सार्वजनिक गरिएको छ। काठमाडौंको प्रज्ञा प्रतिष्ठानमा शनिबार आयोजित कार्यक्रममा जेन-जी युवा अनि कवि मिश्रले संयुक्त रूपमा पुस्तक लोकार्पण गरे।

'नेपालमा हिरासतमा बसेर आत्मसंस्मरण लेखिएका छन्, दैनिकी लेखिएका छन्, उपन्यास लेखिएका होलान्, तर यसरी कविता लेखिएको मैले थाहा पाएको छैन,' लेखक मिश्रले भने, 'नेपालको सन्दर्भमा यो पुस्तक नयाँ प्रयोग हो कि भन्ने मेरो अनुमान छ।' यसअघि तयार अर्को कवितासंग्रहलाई थाती राखेर हिरासतको बसाइका क्रममा फुरेका कविता सार्वजनिक गरेको उनको भनाइ छ।

'माथिको आदेश छ'मा संगृहीत कविता हिरासतसँगको बाध्यात्मक संसर्गबाट जन्मिएका सन्तान रहेको मिश्रले बताए। 'यी कविता 'हिरासतको 'म'का आवाज, आवेग र आर्तनाद हुन्,' उनले भने। कार्यक्रममा रवीन्द्र मिश्रले 'माथिको आदेश छ', 'म राज्यविरुद्धको कसुर भएँ' लगायत केही कविता वाचनसमेत गरेका थिए।

# कान्तिपुरकर्मी कुँवरलाई माउन्टेन जर्नालिज्म अवार्ड

काठमाडौं (कास)- कान्तिपुरका पर्यटन-उड्डयन संवाददाता सुरज कुँवरले 'दावा नोर्बु माउन्टेन जर्नालिज्म अवार्ड' प्राप्त गरेका छन्। नेपाल पर्वतारोहण संघले २० हजार नगद राशिसहितको अवार्ड कुँवरलाई प्रदान गरेको हो। काठमाडौंमा शनिबार पर्यटन विभागका महानिर्देशक रामकृष्ण लामिछाने र संघका अध्यक्ष फुर गेल्जे शेर्पाले अवार्ड हस्तान्तरण गरेका थिए।

संघले पत्रकार पवन फुँयाललाई पनि २० हजार नगदसहित 'दावा नोर्बु माउन्टेन जर्नालिज्म अवार्ड' प्रदान गरेको छ। ८ हजार मिटरभन्दा माथिका सबै १४ शिखरमा 'डाउन फेदर' पोसाकबिना आरोहण गरी इतिहास रचेका मिङ्मा तेन्जी शेर्पालाई 'कुमार खड्ग विक्रम शाह एड्भेन्चर अवार्ड' प्रदान गरिएको छ। विश्वको दोस्रो उच्चतम शिखर केटु मा ६ पटक आरोहण गरी विश्व कीर्तिमान कायम गरेका सिद्धिबहादुर तामाङले 'डा. हर्क गुरुङ पर्वतारोहण पुरस्कार' पाएका छन्।

सगरमाथा आरोहण गर्ने नेपालकी पहिलो महिला प्रहरी अधिकारी सब-इन्स्पेक्टर कुन्जाङ छोपेल शेर्पालाई 'पासाङ ल्हामु शेर्पा एड्भेन्चरस वुमन माउन्टेनियर अवार्ड' बाट सम्मान गरिएको छ। अन्य पर्वतारोहीले स्वर्ण पदक पाएका छन्। संघले लेखा सहायक प्रमिला सिग्देललाई उत्कृष्ट कर्मचारीका रूपमा सम्मान गरेको थियो।

# सम्पत्ति शुद्धीकरण अनुसन्धानमा...

'कर्मचारी आन्दोलनका कारण ७ असोजदेखि नियमित कामकारबाही नै ठप्प छ,' उनले भने। सुशीला कार्की नेतृत्वको सरकारले बोर्डका कर्मचारीको सेवासुविधा कटौती गरिदिएपछि त्यहाँ आन्दोलन चलिरहेको हो।

राष्ट्र बैंकका एक अधिकारीले विभागलाई बुधबार विवरण उपलब्ध गराइएको जानकारी दिए। उनका अनुसार पूर्वपरराष्ट्रमन्त्री राणा र पूर्वऊर्जामन्त्री खड्काका नाममा नेपाली र विदेशी मुद्रा कारोबार गर्ने गरी खोलिएका खाता दर्जनभन्दा बढी भेटिएका छन्। देउवा, दाहाल र ओलीका नाममा भने ३/४ वटा खाता पाइएको छ। 'अब खाताबाट के-कस्तो आर्थिक कारोबार भएका छन् भन्नेबारे अनुसन्धान गर्ने निकायले सम्बन्धित बैंकबाटै माग्नुपर्ने हुन्छ,' ती अधिकारीले भने।

भूमि व्यवस्थापन तथा अभिलेख विभागले आरोपितका नाममा रहेको घरजग्गाको विवरण अझै संकलन हुन बाँकी रहेको जनाएको छ। 'सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट आएपछि उनीहरूका नाममा देशभर कहाँ कहाँ घरजग्गा छ भनेर ७७ वटै मालपोत कार्यालयलाई परिपत्र गरिएको थियो, विवरण आइसकेको छैन,' विभागका एक अधिकारीले भने। कम्पनी रजिस्ट्रार कार्यालयका अधिकारीहरू भने सम्पर्कमा आउन चाहेनन्।

# सिँचाइका १८ ठेक्का...

'ठेक्का किन नतोड्ने ?' भन्दै जारी गरिएको सूचनाअनुसार निर्माण व्यवसायीले काम गर्ने तत्परता नदेखाए सम्झौता तोडिनेछ। कन्काई पुलको ठेक्का पाएको पप्पु कन्स्ट्रक्सनले अन्य आयोजना पनि अलपत्र पारेपछि सार्वजनिक खरिद अनुगमन कार्यालयले कालोसूचीमा राखेको छ। उसले नयाँ ठेक्का लिन पाउँदैन। यो ठेक्कामा उसले काम गर्न नसकेपछि जेभीको रूपमा रहेको कम्पनी महादेव खिम्तीले गर्दै आएको थियो। महादेव खिम्ती कन्स्ट्रक्सन नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहको हो। यसमा ठेक्का लिने र लगाउने दुवै निकायको कमजोरी रहेको अध्यक्ष सिंहको भनाइ छ।

'२९ महिना भयो, योजना कार्यालयले ठेक्काको म्याद थप गरेको छैन,' उनले भने, 'यो बीचमा योजना कार्यालयले काम पनि गरायो, तर म्याद थप नहुँदा भुक्तानी भएन।' ठेक्का किन नतोड्ने भनेर योजना कार्यालयले सूचना निकालेकाले त्यसको जवाफ दिने तयारीमा रहेको उनले बताए। 'यो आयोजनामा मेरो २० करोड आर्थिक क्षति भइसकेको छ,' उनले भने, '८ वटा स्पान ढलान गरिसकेको छ, ११ वटा स्पान ढलान गर्न बाँकी छ, गडरको काम धेरै गरिसकिएको छ।'

काम गर्दैगर्दा पुल निर्माणमा प्राविधिक त्रुटि देखिएपछि पुल्चोक इन्जिनियरिङ क्याम्पसको प्राविधिक टोलीले अध्ययन गरेको योजना कार्यालयका सूचना अधिकारी इन्जिनियर उपेन्द्र दासले बताए। 'सुरुमा राष्ट्रिय सतर्कता केन्द्रबाट आएको टोलीले पुल्चोक क्याम्पसलाई अध्ययन गर्न भनेको थियो,' उनले भने, 'त्यहीअनुसार त्रुटि सच्याए पनि निर्माणमा थप प्रगति छैन।'

यही कार्यालयअन्तर्गत सप्तरीको कठौना-पातो-फत्तेपुर-कटिया सडक स्तरोन्नतिको काम गर्न कान्छाराम-बाम्ती-देव एन्ड सहयर जेभीले २०७५ जेठ ४ मा ठेक्का लिएको थियो। २०७७ मंसिर ३ मा सकिनुपर्ने ठेक्काको प्रगति ४५ प्रतिशत मात्र छ। यसको ठेक्का लिने एउटा निर्माण कम्पनी हो, पूर्वऊर्जा सहायकमन्त्री पूर्णबहादुर तामाङ (कान्छाराम) को कान्छाराम कन्स्ट्रक्सन। तामाङ रामेछापबाट कांग्रेसबाट निर्वाचित सांसद पनि थिए।

७० करोड ४४ लाखको ठेक्कामा १८ किलोमिटर सडक बन्नुपर्नेमा अहिलेसम्म ३ किमि मात्र कालोपत्र भएको छ। 'दुई किमिमा कालोपत्र गर्ने तयारी गरिएको भए पनि काम भएको छैन, यो दुई लेन सडक हो,' हुलाकी राजमार्ग निर्देशनालयअन्तर्गत इटहरी योजना कार्यालयका सूचना अधिकारी दासले भने, 'वर्षौंदेखि सडक बनाउन ताकेता गर्दा पनि निर्माण व्यवसायीले काम गरेनन्।'

यही योजना कार्यालयअन्तर्गत खाम्पाचे शेर्पा निर्माण सेवाले झापाको भद्रपुर-राजगढ सडकको २० किमिमा नाली, कल्भर्ट निर्माणको ठेक्का २०७७ चैत ११ मा लिए पनि अहिलेसम्म काम सकेको छैन। ५ करोड ९१ लाखमा लिएको ठेक्काको अहिलेसम्म प्रगति ४५ प्रतिशत मात्र छ। जबकि यसको काम २०७९ असोज १० मा सकिसक्नुपर्ने हो।

पश्चिम कोशी क्यानलमा स्टिल ट्रस्ट ब्रिज निर्माणका लागि योजना कार्यालयले २०७३ जेठ १६ मा लामा-बाम्ती जेभीसँग ठेक्का सम्झौता गऱ्यो। सम्झौताअनुसार यसको काम २०७५ असार १५ मा सकिसक्नुपर्ने हो। निर्माण प्रगति ४० प्रतिशत मात्र छ। 'फाउन्डेसन उठाएर छाडिएको छ, प्रगति सोचेअनुरूप छैन,' सूचना अधिकारी दासले भने, 'क्रंकिटको काम सकिएकाले स्टिल ट्रस्ट राख्ने काम अझै भएको छैन।' यसको ठेक्का रकम १० करोड ९२ लाख रुपैयाँ रहेको छ।

सप्तरीमै कलियाखोलाको पुल निर्माण २०७४ असार २८ मा सक्ने भन्दै २०७२ असार २९ मा लामा-बाम्ती जेभीसँग २ करोड ९६ लाख रुपैयाँमा सम्झौता भयो। 'पुलको काम सकिसकेको छ,' दासले भने, 'रेलिङ राख्न बाँकी छ, पुल जोड्ने सडक र नदी नियन्त्रण गर्नुपर्नेमा निर्माण व्यवसायीले गरेका छैनन्।' अब पनि काम नगरे ठेक्का तोड्नुको विकल्प नरहेको उनले सुनाए।

भरतपुर डिभिजिन सडक कार्यालय चितवनअन्तर्गत ५ वटा ठेक्का तोड्ने भन्दै सूचना निकालिएको छ। सहरी विकास मन्त्रालयको स्थानीय पूर्वाधार विकास विभागअन्तर्गत सस्पेन्सन ब्रिज डिभिजनतर्फ पनि कान्छाराम निर्माण कम्पनीले वर्षौंदेखि काम अधुरै छाडेको छ। उक्त कम्पनीले संयुक्त रूपमा लिएको झोलुंगे पुल निर्माणको ठेक्का अलपत्र पारेको पाइएको छ। सस्पेन्सन ब्रिज डिभिजनले काममा प्रगति नभएका ठेक्का तोड्ने भन्दै सूचना निकालेको छ। सूचनाअनुसार झापाको कमल खोला दोभान झोलुंगे पुलको ठेक्का २०७८ असार १० मा भएकामा निर्माण प्रगति २५ प्रतिशत मात्र छ। कान्छाराम-युनिकर्न जेभीले २०७९ पुस ६ मा सक्ने गरी ३ करोड ६ लाख रुपैयाँमा ठेक्का लिएको हो। अहिलेसम्म सकिएको छैन।

पूर्वतयारीका काम नै नगरी ठेक्का लगाउँदा ढिलाइ भएको कान्छाराम कन्स्ट्रक्सनका पूर्णबहादुर तामाङ (कान्छाराम) ले बताए। 'झोलुंगे पुलको फेब्रिकेसन गर्न मात्र बाँकी हो,' उनले भने, 'सप्तरीको कठौना खण्डमा सडकको काम गर्न चैत मसान्तसम्म म्याद छ, त्यो समयभित्र काम सकिन्छ।'

सरकारले ठेक्का तोडे केही फरक नपर्ने उनले बताए। 'कानुनले तोड्न मिल्ने ठेक्का तोडे हुन्छ, के फरक पर्छ, सबैभन्दा ठूलो कुरा कानुन हो,' उनले भने, 'तर ठेक्कामा कसको छैन कमीकमजोरी ? काम गरेको भुक्तानी नदिने कसको कमजोरी हो ? साइट क्लिएर नगर्ने कसको कमजोरी हो ?' सरकारसँग धरौटी र बैंक ग्यारेन्टी राखेर काम गरेको उनले बताए। 'अहिले आउनुभएका मन्त्री कुलमान घिसिङले भने जस्तो ठेक्का तोड्न सजिलो छैन,' उनले भने, '१४औं खरिद नियमावलीले पुराना आयोजनाहरूको म्याद थपको सुविधा पनि दिएको छ।' भौतिक पूर्वाधार तथा यातायातमन्त्री घिसिङले कसैको अनुहार नहेरी काम नभएका ठेक्का तोडेरै छाड्ने बताएका छन्।

खोटाङको पिलम्पामा झोलुंगे पुल निर्माणको ठेक्का नीलगिरी निर्माण सेवाले २०७५ साउन २३ मा लिए पनि प्रगति न्यून छ। २०७७ वैशाख १९ मा सकिनुपर्ने झोलुंगे पुलको काम बल्ल ६० प्रतिशत पुगेको छ। त्यस्तै गोरखाको क्योग्मा, बिरिङ बाह्रदशी झोलुंगे पुल झापा, खोटाङ र उदयपुर जोड्ने बुबा खोला झोलुंगे पुल निर्माण पनि अलपत्र छ। थुमी बुधेगरा, गोरखा र धादिङको लिखु धुनीबेंसी जोड्ने गरी झोलुंगे पुल निर्माण गर्न ठेक्का भए पनि काम हुन सकेको छैन। २०७८ असोज १२ मा ठेक्का भएअनुसार यसको काम २०७९ चैत ८ मा सकिसक्नुपर्ने हो। जसको ठेक्का रकम १ करोड ८५ लाख रुपैयाँ रहेको छ।

ठेक्का किन नतोड्ने भनेर सूचना निकालेपछि धेरै निर्माण व्यवसायी सम्पर्कमा आएर काम सुरु गर्ने कुरा गरि रहेको सस्पेन्सन ब्रिज डिभिजन पुल्चोकका प्रमुख शंकर बुढाथोकीले बताए। 'सम्पर्कमा आएर काम सुरु गरे तत्काल ठेक्का तोड्दैनौं, निर्माण व्यवसायीले काम गर्ने अन्तिम मौका पाउनेछन्,' उनले भने।

अमन कन्स्ट्रक्सन बर्दियाले बबई सिँचाइ आयोजनामा लिएको ६ वटा प्याकेजमा प्रगति नभएपछि तोड्ने प्रक्रिया अघि बढाइएको छ। केही प्याकेजमा प्रगति शून्य र केहीको ५५ प्रतिशत मात्र प्रगति छ। उक्त समग्र प्याकेजको ठेक्का रकम १ करोड ७५ लाख रुपैयाँ रहेको छ। सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना जनकपुर, धनुषाअन्तर्गत १२ वटा नदी नियन्त्रणसम्बन्धी ठेक्कामा प्रगति नभएपछि सूचना निकालिएको छ।

जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक मित्र बरालले महोत्तरीमा नदी नियन्त्रणसम्बन्धी १२ वटा ठेक्का सूचना निकालेर तोडिसकेको जानकारी दिए। 'केहीलाई चैत मसान्तसम्म समय दिइएको छ,' उनले भने।

# मतदाता...

निर्वाचनको मिति घोषणा भइसकेपछि मतदाता नामावली संकलनमा कानुनले रोक लगाएकामा सरकारले मतदाता नामावली ऐन नै संशोधन गरेको थियो। जेन-जीकै मागअनुसार सरकारले ९ असोजमा अध्यादेशमार्फत मतदाता नामावली ऐनमा संशोधन गरेर निर्वाचन घोषणापछि पनि मतदाता नामावली संकलनको व्यवस्था मिलाएको हो। कानुन संशोधन भएपछि आयोगले १८ वर्ष उमेर पुगेका नागरिकलाई मतदाता नामावलीमा नाम दर्ताका लागि ३० कात्तिकसम्मको समय दिएको हो। त्यसपछि १२ असोजदेखि आयोगले नामावली संकलन थालेको हो।

आयोगका अनुसार गत असारसम्म मतदाता नामावलीमा नाम दर्ता गराएकाको संख्या १ करोड ८१ लाख ६८ हजार २ सय ३० छ। त्यसमा महिला मतदाता ८९ लाख १६ हजार ५ सय २, पुरुष मतदाता ९२ लाख ५१ हजार ५ सय ४१ र अन्य मतदाता १ सय ८७ छन्। अहिले नाम दर्ता गराएकाहरूले आगामी निर्वाचनमा मतदान गर्न पाउनेछन्। निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरे शनिबार र बिदाबाहेकका दिनमा कात्तिकभर नयाँ मतदाताका लागि नाम सूचीकृत गर्न पाइने बताउँछन्।



## आजको राशिफल

प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष** कुनै काम आइलाग्दा केही व्यस्त भइनेछ । समयावस्था विचारेर चल्नु उत्तम हुनेछ । आफू असम्बद्ध कामकुरामा मौन बसेकै उचित ठहरिनेछ ।

**वृष** योजनाबद्ध रूपले आफूलाई काममा अघि सारिनेछ । कुनै कामविशेषले केही खर्च होला । कुनै कुरामा साथीहरूसित तार्किक छलफल हुन सक्छ ।

**मिथुन** कुनै बहुप्रतीक्षित कार्यमा सफलता मिल्नेछ । कुनै कामविशेषले केही खर्च गर्नुपर्ने हुन सक्छ । कुनै कुराले गर्दा मनमा ढुक्कको आभास हुन सक्छ ।

**कर्कट** कुनै नयाँ काममा अल्झिनुपर्ला । सकेसम्म जिम्मेवारीमा टिक्ने प्रयास हुनेछ । बेलामौका विचारेर प्राथमिकताका काममा समय निकालिनेछ ।

**सिंह** कुनै कुराले मनमा झर्को लाग्न सक्छ । सकेसम्म सकारात्मक सोचमा रहन खोजिनेछ । जसरी पनि मनले खुसी हुने प्रयत्न गर्नेछ ।

**कन्या** काम विशेषले कतै निस्किनुपर्ने हुन सक्छ । समयसन्दर्भ विचारेर आफूलाई प्रस्तुत गर्नु बुद्धिमानी हुनेछ । आफ्ना कामका लागि समय निकालिनेछ ।

**तुला** मनमा भएको कुण्ठा पोख्ने मौका मिल्नेछ । आफैंले आफूलाई सहज बनाउँदै गइनेछ । जसरी पनि मनलाई सन्तुष्ट राख्न खोजिनेछ ।

**वृश्चिक** सकेसम्म आफूलाई तटस्थ राख्न खोजिनेछ । आफू असम्बद्ध कुरामा तर्किन खोजिनेछ । जतिसक्यो कम बोलीमै काम सक्ने प्रयास गरिनेछ ।

**धनु** कसैको कुराले मनमा बिझ्न सक्छ । सकेसम्म शान्तमनस्क रहन खोजिनेछ । चित्त नबुझेका कामकुरामा चासो नदिएकै उत्तम ठहरिनेछ ।

**मकर** पारिवारिक कामले कतै जानुपर्ला । व्यक्तिगत खुसीका लागि कुनै कुराको किनमेल होला । कुनै कामको सम्पन्नताले मन सन्तुष्ट रहला ।

**कुम्भ** जसरी पनि मन खुसी नै रहनेछ । कसैका कामकुरामा खासै चासो नहुन सक्छ । आफ्नै कामकुरामा आफूलाई भुलाउन खोजिनेछ ।

**मीन** मनमा भएको तनाव हटेर जानेछ । जुन काममा पनि जोस र जाँगर बढ्नेछ । जतिसक्यो आफैंले आफूलाई समय दिन खोजिनेछ ।


## जग्गा खरिद गर्ने बारेको सूचना

यस बैंकलाई केन्द्रिय कार्यालयको भवन निर्माण गर्ने प्रयोजनका लागि तपसिल बमोजिमको स्थानमा जग्गा खरिद गर्न आवश्यक भएकाले जग्गा बिक्री गर्न चाहने ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरुबाट निम्न शर्त बन्देजहरुको अधिनमा रहने गरी शिलबन्दी प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ ।

**तपसिल**

| जिल्ला | स्थान | क्षेत्रफल |
|---|---|---|
| काठमाडौं | **काठमाडौं महानगरपालिका अन्तर्गतको निम्न बमोजिम तोकिएको स्थानहरु :-** | कम्तिमा ५ देखि ७ रोपनी सम्म |
| | १. लैनचौर देखि शितल निवास सम्म | |
| | २. माईतीघर देखि मीनभवन सम्म | |
| | ३. हात्तिसार देखि पद्मोदय मोड, पुतलीसडक सम्म | |
| | ४. जय नेपालहल देखि नागपोखरी, नक्साल र बालुवाटार सम्म | |
| | ५. भाटभटेनी देखि विशालनगर सम्म | |
| | ६. कमलपोखरी देखि ज्ञानेश्वर सम्म | |
| | ७. माथि उल्लेखित स्थानका आसपासका क्षेत्र | |

**शर्त तथा बन्देजहरु :**

१. प्रस्तावित जग्गा रहेको स्थान नदि, High Tension, इन्धन केन्द्र/भण्डारण क्षेत्र तथा अन्य प्रज्वलनशिल पदार्थको भण्डारण आदिबाट कम्तिमा २०० मि. टाढा भएको हुनुपर्नेछ ।
२. प्रस्तावित जग्गा मुख्य सडकसँग जोडिएको र कम्तिमा २० फिटको पिच बाटो हुनुका साथै सडक विस्तार योजनामा नपरेको हुनुपर्नेछ । यदि सडक विस्तार योजनामा पर्ने भए विस्तारमा पर्ने जग्गा घटाएर प्रस्ताव गर्नुपर्नेछ ।
३. प्रस्तावित जग्गाको सम्बन्धमा कुनै प्रकारको स्वामित्व सम्बन्धी विवाद, मुद्दा मामिला, तेरो मेरोको विवाद, झै-झगडा, गुठी मोहि इत्यादी नभएको तथा नेपाल सरकारले जग्गा सम्बधी तोकिएको सम्पूर्ण मापदण्डहरु पुरा भएको हुनुपर्नेछ ।
४. जग्गाको दरभाउ अंक र अक्षरमा अनिवार्य रुपमा उल्लेख गरी बोलपत्र पेश गनुपर्नेछ । दरभाउ अंक र अक्षरमा फरक पर्न गएमा अक्षरको दरभाउ मान्य हुनेछ ।
५. शिलबन्दी बोलपत्रमा निम्न लिखित कागजातहरु अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।
   क) जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपि ।
   ख) जग्गाधनिको नागरिकताको प्रतिलिपि वा फर्म र कम्पनी भए दर्ता प्रमाणपत्र तथा संचालक समितिको निर्णय ।
   ग) जग्गाको तिरो तिरेको अद्यावधिक रसीद, ब्लुप्रिन्ट, ट्रेस नक्सा, प्रमाणित चार किल्ला र Location Map
   घ) प्रस्तावित जग्गाको चौतर्फी फोटोहरु ।
   ङ) साथै बैंकको Sundry Creditor ०९९९५२४३८०१६४०१५ खातामा रु. १०,००० जम्मा गरेको भौचर ।
६. एक वा एक भन्दा बढी जग्गाधनिहरुले संयूक्त रुपमा पनि प्रस्ताव पेश गर्न सक्ने छन् ।
७. शिलबन्दी बोलपत्र खाम बाहिर **जग्गा खरिद सम्बन्धी बोलपत्र प्रस्ताव** भनी लेखि **मिति २०८२ मंसिर ०६ गते अपरान्ह ३:०० बजे** भित्र यस बैंकको **सामान्य प्रशासन तथा खरिद विभाग, लाजिम्पाट, काठमाडौं**मा आईपुग्ने गरी बुझाउनु पर्नेछ ।
८. म्याद नाघी वा रीत नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
९. कुनै पनि प्रस्ताव कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने वा नगर्ने वा छनौटमा परेका प्रस्ताव उपर पुनः नेगोसियशन गर्ने वा थप शर्त बन्देज लगाउने सम्पूर्ण अधिकार बैंकसगं निहित रहनेछ ।

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित



## टेन्डर (बोलपत्र) सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०८२ कार्तिक १६ गते)

ग्रामीण स्वास्थ्य र शिक्षा सेवा गुठी (RHEST) सन् २०४९ मा स्थापित एक गैर-सरकारी संस्था हो । यस संस्थाले नेपालका ७ प्रदेशअन्तर्गत १८ जिल्लामा कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यस संस्थाले गत वर्षहरूमा झैं आगामी शैक्षिक सत्रको लागि आवश्यक शैक्षिक सामग्री तथा अन्य सेवाहरू **(विद्यालय पोशाक (स्वीटर,शर्ट,स्कर्ट), स्टेशनरी र प्याकिंग गर्ने सामाग्रीहरूको)** आपूर्तिका लागि इच्छुक र योग्य आपूर्तिकर्ताहरूलाई यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन (मिति २०८२।०८।०१ तदानुसार नोभेम्बर १७, २०२५ सोमबार) साँझ ०५:०० बजेसम्मा ग्रामीण स्वास्थ्य र शिक्षा सेवा गुठी (RHEST) को केन्द्रिय कार्यालय, विशालनगरमा** बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सम्बन्धित सामग्री तथा सेवाको आपूर्तिका लागि विस्तृत सन्दर्भका सर्तहरूका (TOR) साथै वित्तीय प्रस्तावनाको फारम केन्द्रिय कार्यालयबाट प्राप्त गर्न सकिन्छ वा निम्न लिखित ईमेल email: procurement@rhest.org मार्फत पनि माग गर्न सकिनेछ ।

**यस वर्ष आवश्यक शैक्षिक सामग्रीहरुको संख्याको विवरणहरु निम्न रहेका छन् ।**

| क्र. सं. | शैक्षिक सामग्रीको नाम | इकाई | संख्या | क्र. सं. | शैक्षिक सामग्रीको नाम | इकाई | संख्या |
|---|---|---|---|---|---|---|---|
| १. | लामो कापी | Pcs | १३३०६२ | ९. | स्कूल ब्याग सानो (निलो कलरको) | Pcs | ५०२ |
| २. | ड्टपेन | Pcs | १५८९०० | १०. | स्कूल ब्याग ठूलो (कालो कलरको) | Pcs | ५८३१ |
| ३. | पेन्सिल | Pcs | ६३५१० | ११. | प्याकिङ झोला | pcs | ३६७५ |
| ४. | इरेजर | Pcs | ६२९९० | १२. | स्टेश्नरी प्याकिङ फाईबर झोला | Kg | १२२ |
| ५. | ज्यामिती बाकस | Pcs | ६२४४ | १३. | रबर | Kg | ३० |
| ६. | सर्ट | Mtr | ५४१८ | १४. | बोरा | Pcs | १५०० |
| ७. | स्कर्ट | Mtr | ५२२९ | १५. | प्लाष्टिक डोरी | Kg | ३५ |
| ८. | स्वीटर | Pcs | ४९४४ | | | | |

Rural Health and Education Service Trust 2049 KTM

**ठेगाना:**
**खरिद समिति**
**ग्रामीण स्वास्थ्य र शिक्षा सेवा गुठी (RHEST)**
प्रधान कार्यालय, विशालनगर, काठमाण्डौ, सम्पर्क फोन: ०१-४५३७३७१,०१-४५२९८८३

*पुनश्चः आवश्यक थप जानकारीका लागि कार्यालय समय भित्र उल्लेखित email: procurement@rhest.org मार्फत समेत जानकारी लिन सकिनेछ ।*

**विदेशी मूद्रा**

| | |
|---|---|
| अमेरिकी डलर | १४२.३३ |
| युरो | १६४.६९ |
| पाउन्ड स्टर्लिङ | १८६.९८ |
| अस्ट्रेलियन डलर | ९३.१४ |
| कतारी रियाल | ३९.०५ |

राष्ट्र बैंकको आधारमा

**सुन** रू. २,३९,०००

**चाँदी** रू. ३,०६०

# मुद्रण केन्द्रबाट छापिँदै पुराना १२ लाख लाइसेन्स, नयाँ लाइसेन्सको सेवा सोमबारदेखि

यातायात व्यवस्था विभाग र सुरक्षण मुद्रण केन्द्रबीच बिहीबार समझदारीपत्रमा हस्ताक्षर, मुद्रण केन्द्रले ६ महिनाभित्र १२ लाख लाइसेन्स छापेर विभागलाई उपलब्ध गराउने

**विमल खतिवडा** (काठमाडौं)



लामो समयदेखि छाप्न बाँकी २५ लाख सवारीचालक अनुमतिपत्र (लाइसेन्स) मध्ये १२ लाखको छपाइ सुरु गरिने भएको छ। यसका लागि यातायात व्यवस्था विभाग र सुरक्षण मुद्रण केन्द्रबीच बिहीबार समझदारीपत्रमा हस्ताक्षर भएको छ। यसअनुसार मुद्रण केन्द्रले ६ महिनाभित्र १२ लाख लाइसेन्स छापेर विभागलाई उपलब्ध गराउनेछ।

विभागका महानिर्देशक राजीव पोखरेल र सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक देवराज ढुंगानाले समझदारीपत्रमा संयुक्त रूपमा हस्ताक्षर गरे। पहिलो चरणमा बजेट उपलब्ध भएअनुसार १२ लाख लाइसेन्स छापेर सेवाग्राहीलाई उपलब्ध गराइने यातायात व्यवस्था विभागका निर्देशक केशव खतिवडाले बताए।

'विभागमा आएदेखि लाइसेन्सको समस्या समाधान गर्न लागिपरेको छु,' खतिवडाले भने, 'त्यहीअनुसार आधा लाइसेन्स ६ महिनाभित्र छापेर वितरण गरिनेछ, बाँकी लाइसेन्सको पनि बजेट व्यवस्थापन गरेर छिट्टै छपाइ प्रक्रिया अघि बढाउँछौं।' विभागको प्रणाली सुरु भएको केही दिनभित्र मुद्रण केन्द्रले छपाइ सुरु गर्ने उनको भनाइ छ।

सुरक्षण मुद्रणसम्बन्धी ऐनमा लाइसेन्स छपाइ पनि गर्ने विषय उल्लेख भएअनुसार नै दुई निकायबीच समन्वय गरेर काम सुरु गर्न लागिएको सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक ढुंगानाले बताए। 'यसका लागि यातायात व्यवस्था विभागसँग समन्वय गरिरहेका थियौं, गत जेठमा यही केन्द्रबाट छपाइ अघि बढाउने भनेर समझदारी पत्रमा हस्ताक्षर भएको थियो,' उनले भने, 'आगलागीबाट विभागको डेटा सेन्टर र समग्र प्रणालीमा क्षति पुगेको थियो, लाइसेन्सको डेटा उपलब्ध भएको एक साताभित्र छपाइ सुरु गर्छौं।'

हाइस्पिडका मेसिन भएकाले तोकिएकै समयमा लाइसेन्स छपाएर विभागलाई उपलब्ध गराइने ढुंगानाको भनाइ छ। 'हामीले लाइसेन्स छाप्ने हो, यसका लागि विभागले लाइसेन्सको डेटा उपलब्ध गराउँछ,' उनले भने, 'छापिसकेपछि सबै डेटा डिलिट गर्छौं, जुन डेटा पछि विभागकै सिस्टममा रहन्छ।'

वैदेशिक रोजगारीमा जानेलगायतलाई तत्काल लाइसेन्स चाहिँदा मुद्रण केन्द्रले नै छापेर उपलब्ध गराउनेछ। यसका लागि पहिला जस्तै तत्काल लाइसेन्स चाहिनेले विभागमा निवेदन दिनुपर्नेछ। त्यहीअनुसार छपाइ गरेर उपलब्ध गराइनेछ। विभागले यस्ता लाइसेन्स दैनिक करिब ५ सय छापेर उपलब्ध गराउँदै आएको थियो। गत २४ भदौको आगलागीसँगै विभागको सेवा ठप्प छ। आगलागीबाट विभागको भवन ध्वस्त बनेको छ, सर्भर जलेर नष्ट भएको छ।

'पुराना सबै लाइसेन्स मुद्रण केन्द्रबाट छपाइ गरेर वितरण गर्छौं,' विभागका निर्देशक खतिवडाले भने, 'त्यसपछि प्रदेशअन्तर्गतकै कार्यालयबाट यो काम हुन्छ।' उनका अनुसार विभागमा रहेको लाइसेन्स छपाइ गर्ने मेसिन जलेको छ। आगजनीबाट विभागमा विभिन्न यातायात व्यवस्था कार्यालयमा पठाउन भनेर छापेर राखिएका २२ हजारमध्ये १८ हजार लाइसेन्स जलेको अनुमान छ। यसमध्ये तीन हजार लाइसेन्स मात्र सुरक्षित भेटिएका छन्। लाइसेन्स छपाइ गर्न ल्याइएका करिब ६ लाख कार्ड सुरक्षित फेला परे पनि त्यो कार्डमा लाइसेन्स छपाइ गर्न मिल्ने-नमिल्ने प्रिन्टर नहुँदा जाँच हुन सकेको छैन। विभागको प्रणाली (सिस्टम) नचल्दासम्म कति लाइसेन्स छपाइ भएर बसेका थिए, यकिन नहुने निर्देशक खतिवडा बताउँछन्।

विभागमा जलेका र हराएका लाइसेन्सबारे प्रणाली सञ्चालनमा आएपछि के-कति छापिएका थिए, यकिन जानकारी हुने खतिवडाले जनाए। प्रणालीमा देखाइसकेपछि त्यहीअनुसार क्षतिबारे यकिन गर्न सकिने उनको भनाइ छ।

आइतबारदेखि सबै सेवा सुरु गर्ने गरी काम भइरहेको विभागले जनाएको छ। शुक्रबार प्रणालीको परीक्षण गरिएको छ। अब सोमबारबाट सेवा सुरु गरिने खतिवडाले बताए। 'नयाँ लाइसेन्सका लागि आवेदन दिने, नवीकरण गर्ने र ट्रायल दिने काम पनि अब सञ्चालन गर्छौं,' उनले भने, 'अवरुद्ध सबै सेवा अब सुरु हुन्छन्।'

अघिपछि दिनको सातवटै प्रदेशबाट ६ देखि ७ हजार सेवाग्राहीले नयाँ लाइसेन्सका लागि आवेदन दिन्थे। यसअनुसार ४ देखि ५ हजार नयाँ लाइसेन्सका लागि ट्रायल पास हुन्थे। देशभर ४२ यातायात व्यवस्था कार्यालय छन्। त्यसमध्ये आठमा भने तत्काल सेवा सञ्चालनमा कठिनाइ भएको खतिवडाले जनाए।

# सातामा ९६.५३ अंकले बढ्यो नेप्से

कारोबारमा आएकामध्ये २ सय ३६ कम्पनीको सेयर मूल्य बढ्यो, १२ कम्पनीको घट्यो

**कान्तिपुर संवाददाता** (काठमाडौं)

गत साता सेयर कारोबार मापक नेप्से परिसूचक ९६.५३ अंकले बढेको छ। साताभर ३.८६ प्रतिशतको वृद्धिपछि नेप्से २६ सय दशमलव ३८ बिन्दुमा उक्लिएको छ। गत साता चार दिन मात्रै सेयर कारोबार भयो। आइतबार ५.१९ अंकले नेप्से बढेको थियो। छठ पर्वका कारण सोमबार सेयर बजार बन्द थियो। मंगलबार ६२.३९ अंकले बढेको सेयर बजार बुधबार ५.१७ अंकले बढेको थियो। साताको अन्तिम कारोबार दिन बिहीबार नेप्से ३४.२२ अंकको वृद्धि भएको थियो।

सातामा कारोबारमा आएकामध्ये २ सय ३६ कम्पनीको सेयर मूल्य बढ्यो, १२ कम्पनीको घटेको एनपी स्टक्स डटकमले जनाएको छ। कुल २ करोड ३७ लाख पटकको सेयर किनबेचमा १२ अर्ब ४६ करोड रुपैयाँको सेयर कारोबार भएको छ।

गत साता कारोबारमा आएका सबै उपसमूह बढे। जलविद्युत् ६.३४, जीवन बिमा ५.५२, होटल तथा पर्यटन ५.२१, अन्य ४.८७, विकास बैंक ४.४८, निर्जीवन बिमा ४.२३, लघुवित्त ४.१४, लगानी ४.०४, फाइनान्स ३.२३, व्यापार २.९९, उत्पादन तथा प्रशोधन १.८६ र बैंकिङ १.५४ प्रतिशतले बढे।

राधी विद्युत् कम्पनी, खानीखोला हाइड्रोपावर, बुटवल पावर, फर्स्ट माइक्रोफाइनान्स, न्यादी हाइड्रोपावर, सुपर मादी हाइड्रोपावर, माईखोला हाइड्रोपावर, लुम्बिनी विकास बैंक, गुराँस लघुवित्त र श्वेतगंगा हाइड्रोपावर एन्ड कन्स्ट्रक्सनलगायत कम्पनीले गत साता कमाए। राधी विद्युत् कम्पनीको २०.०३, खानीखोला हाइड्रोपावरको १९.०६, बुटवल पावरको १७.५०, फर्स्ट माइक्रोफाइनान्सको १६.६०, न्यादी हाइड्रोपावरको १५.७५, सुपर मादी हाइड्रोपावरको १४.४४, माईखोला हाइड्रोपावरको १४.२५, लुम्बिनी विकास बैंकको १४.०८, गुराँस लघुवित्तको १३.६३ र श्वेतगंगा हाइड्रोपावर एन्ड कन्स्ट्रक्सनको १२.९२ प्रतिशतले सेयर मूल्य बढ्यो।

तारागाउँ रिजेन्सी, भगवती हाइड्रोपावर, सुपरमाई हाइड्रोपावर, एसियन हाइड्रोपावर, आत्मनिर्भर लघुवित्त, सामुदायिक लघुवित्त, मिडसोलु हाइड्रोपावर, एभरेस्ट बैंक, बोटलर्स नेपाल (तराई) र सिटिजन्स इन्भेस्टमेन्ट ट्रस्टका लगानीकर्ताले आफ्नो सम्पत्तिको मूल्य गुमाए। तारागाउँ रिजेन्सीको ९.५५, भगवती हाइड्रोपावरको ८.७६, सुपरमाई हाइड्रोपावरको ५.७३, एसियन हाइड्रोपावरको ५.२८, आत्मनिर्भर लघुवित्तको ३.९५, सामुदायिक लघुवित्तको २.०७, मिडसोलु हाइड्रोपावरको १.५१, एभरेस्ट बैंकको शून्य दशमलव ९५, बोटलर्स नेपाल (तराई) को शून्य दशमलव ८८ र सिटिजन्स इन्भेस्टमेन्ट ट्रस्टको शून्य दशमलव ७८ प्रतिशतले सेयर मूल्य घट्यो।

कारोबार रकमका आधारमा नेपाल रि-इन्स्योरेन्स, राधी विद्युत् कम्पनी, युनियन हाइड्रोपावर, हिमालयन पावर पार्टनर, बुटवल पावर, एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट, हिमालयन रि-इन्स्योरेन्स, सीईडीबी होल्डिङ्स, साहस ऊर्जा र हिमालय डिस्टिलरी अघि रहे। नेपाल रि-इन्स्योरेन्सको ९८ करोड १९ लाख, राधी विद्युत् कम्पनीको ८७ करोड ८५ लाख, युनियन हाइड्रोपावरको ८४ करोड ३४ लाख, हिमालयन पावर पार्टनरको ६६ करोड ७१ लाख, बुटवल पावरको ६५ करोड २५ लाख, एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्टको ६० करोड २१ लाख, हिमालयन रि-इन्स्योरेन्सको ५५ करोड २ लाख, सीईडीबी होल्डिङ्सको ५० करोड ७९ लाख, साहस ऊर्जाको ४९ करोड ६६ लाख र हिमालय डिस्टिलरीको ४५ करोड ४३ लाख रुपैयाँको सेयर किनबेच भएको छ।

साताभार ९६.५३ अंकले नेप्से बढेसँगै सेयर बजारको आकार (कुल बजार पुँजीकरण) १ खर्ब ६१ अर्ब ३८ करोड ७९ लाख रुपैयाँले बढेको छ । अघिल्लो आइतबार ४१ खर्ब ८५ अर्ब ७७ करोड ३३ लाख रुपैयाँ रहेको कुल बजार पुँजीकरण यो बिहीबार ४३ खर्ब ४७ अर्ब १६ करोड १३ लाख रुपैयाँ कायम भएको छ।

कुल सूचीकृत सेयरलाई सोही दिनको सेयर मूल्यले गुणा गरेर कुल बजार पुँजीकरण गणना गरिन्छ। पुँजीकरण बढ्नुको अर्थ सूचीकृत सेयरको बजार मूल्यमा बढी हुनु हो। यही आधारमा पुँजीकरण बढ्दा लगानीकर्ताको सम्पत्तिको मूल्य बढेको रूपमा विश्लेषण गरिन्छ।

**गत साता कमाएका ७ कम्पनी**

| | |
|---|---|
| राधी विद्युत् कम्पनी | २०.०३ प्रतिशत |
| खानीखोला हाइड्रोपावर | १९.०६ प्रतिशत |
| बुटवल पावर | १७.५० प्रतिशत |
| फर्स्ट माइक्रोफाइनान्स | १६.६० प्रतिशत |
| न्यादी हाइड्रोपावर | १५.७५ प्रतिशत |
| सुपर मादी हाइड्रोपावर | १४.४४ प्रतिशत |
| माईखोला हाइड्रोपावर | १४.२५ प्रतिशत |

**गत साता गुमाएका ७ कम्पनी**

| | |
|---|---|
| तारागाउँ रिजेन्सी | -९.५५ प्रतिशत |
| भगवती हाइड्रोपावर | -८.७६ प्रतिशत |
| सुपरमाई हाइड्रोपावर | -५.७३ प्रतिशत |
| एसियन हाइड्रोपावर | -५.२८ प्रतिशत |
| आत्मनिर्भर लघुवित्त | -३.९५ प्रतिशत |
| सामुदायिक लघुवित्त | -२.०७ प्रतिशत |
| मिडसोलु हाइड्रोपावर | -१.५१ प्रतिशत |

# सुदूरपश्चिममा युरियाको चरम अभाव

## मल नपाएर किसान र विक्रेता हैरान

**अर्जुन शाह** (धनगढी)

धान बाली भित्र्याइसकेका किसान गहुँ छर्ने र तरकारी बाली लगाउने तयारीमा छन्। तर किसान र विक्रेतासमेत रासायनिक मल नपाएर तनावमा छन्। सुदूरपश्चिममा यति बेला युरिया मलको चरम अभाव छ। यो गहुँ, तोरी, मसुरोलगायत खाद्य, दलहन तथा तेलहन बाली र आलुलगायत मुख्य तरकारी लगाउने बेला हो। बालनाली लगाउने बेला सुरु भइसक्दासम्म रासायनिक मल नपाएर तनाव भएको धनगढी उपमहानगरपालिका-३ बडहराका किसान मधु चौधरीले बताए।

मल नपाएर खेत जोतेर खाली बस्नुपरेको कैलालीको भजनी नगरपालिका-९ का डबलबहादुर बोगटीको भनाइ छ। 'मल कहिलेसम्म आउँछ थाहा छैन। हामीलाई जहिलै मलकै समस्या हुन्छ,' उनले भने। सुदूरपश्चिममा रासायनिक मल आपूर्ति तथा बिक्री वितरण गर्ने निकाय कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड हुन्। हाल दुवै निकायमा युरिया मल छैन। 'डीएपी छिटफुट भए पनि युरिया भने छैन,' साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड प्रदेश कार्यालयका सहायक रामचन्द्र जोशी भन्छन्, 'कहिले कति परिमाणमा आउँछ, अहिले केही भन्न सकिँदैन। केन्द्रले कहिले पठाउँछ भन्नेमा भर पर्छ।' सुदूरपश्चिमले पाउने मलखादको कोटामा ३० प्रतिशत साल्ट ट्रेडिङ र ७० प्रतिशत कषि सामग्रीले प्राप्त गरेर बिक्री गर्ने गरेका छन्।

आउँदो मंगलबारदेखि मल बिक्री सुरु गर्ने प्रयास गरिरहेको कृषि सामग्री कम्पनी प्रादेशिक कार्यालय धनगढीका प्रमुख नवसिंह बोगटीले बताए। 'दिनको १ सय २५ टन बिक्री गर्न पुग्ने परिमाणमा मौज्दात भए मात्रै बिक्री सुरु गर्छौं,' बोगटीले भने, 'बिहीबारसम्म डेढ सय टन मात्र आइपुगेको छ।' कम्पनीको प्रादेशिक कार्यालयले कञ्चनपुर र डोटीबाहेकका जिल्लाका किसानका लागि मल बिक्रीवितरण गर्दै आएको छ। कञ्चनपुर र डोटीमा कम्पनीको आफ्नै कार्यालय छ।

सुदूरपश्चिममा भैरहवाबाट मल आउने गरेको प्रादेशिक कार्यालय प्रमुख बोगटीले जनाए। नेपालमा कुल आयात हुने मलमा सुदूरपश्चिमको ९.२२ प्रतिशत युरिया र ९.०७ प्रतिशत डीएपीको कोटा हुने गरेको उनको भनाइ छ। गत आर्थिक वर्षमा धनगढी कार्यालयले युरिया १२ हजार ८ सय ४३ मेट्रिक टन र डीएपी ८ हजार ६ सय ४७ टन बिक्री गर्न पाएको थियो। 'कुल मागको आधा परिमाण पनि होइन यो,' कार्यालय प्रमुख बोगटी भन्छन्, 'वार्षिक ३० हजार टन हाराहारी युरिया र डीएपीको माग हुने गर्छ।' किसानले मल अभाव टार्न भारतीय सीमा क्षेत्रबाट चोरीको मल ल्याउँछन्। 'यस वर्ष भारतीय सीमा क्षेत्रका बजारमा पनि मलखाद पाइएको छैन,' कैलालीका एक किसानले भने।

> प्रदेशमा कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले रासायनिक मल आपूर्ति तथा बिक्री वितरण गर्छन्, यति बेला दुवै निकायमा छैन युरिया

कम्पनीले हाल डीएपीको प्रतिक्विन्टल ४ हजार ७ सय ७३ र युरियाको १ हजार ८ सय ७३ निर्धारण गरेको छ। कम्पनीले किसानलाई सिधै बिक्री नगरी निजी क्षेत्रका व्यापारी तथा सहकारीहरूलाई कोटा निर्धारण गरेर मलखाद बिक्री गर्दै आएको छ। कृषि सामग्रीले उपलब्ध गराएपछि डिलरहरूबाट किसानले मल किन्न पाउने व्यवस्था छ। यसरी डिलर तोक्दा सम्बन्धित स्थानीय तहको सिफारिसमा एउटा वडामा कम्तीमा दुई वटा विक्रेता निर्धारण गरिँदै आएको कार्यालय प्रमुख बोगटी बताउँछन्।

'कैलाली जिल्लाभर करिब चार सय डिलर तोकेका छौं,' बोगटीले भने, 'धनगढीमा ४७ वटा विक्रेता निर्धारण गरेका छौं।' एउटा विक्रेतालाई उपलब्ध गराइने मलको परिमाण भने यकिन नहुने उनको भनाइ छ।


## कलैया उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कलैया, बारा, मधेश प्रदेश (नेपाल)

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
(प्रकाशित मितिः २०८२-०७-१६)

यस कलैया उपमहानगरपालिकाको मिति २०८२।०६।०५ गतेको प्रकाशिक बोलपत्र (e–bidding) आह्वानको सूचना अनुसार रित पूर्वक पर्न आएका बोलपत्रहरू मध्ये सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावकारी तपसिलको बोलपत्र स्वीकृत गर्नको लागि मूल्यांकन समितिको मिति २०८२।०७।१४ गतेको निर्णयानुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ यो आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | बोलपत्र नं. | कामको विवरण | छनौट गरिएको बोलपत्रदाताको नाम | ठेगाना | कबोल रकम (VAT सहित) |
|---|---|---|---|---|---|
| १ | KSMC/NCB/GOODS/HEALTH-01-082/83 | Supply and Delivery of Medicine and Surgical Equipment | Gadhimai Medihealth Pvt. Ltd. | Mahalaxmi Muncipality -5, Lalitpur | 2,986,264.82 |

प्रमुख प्रशासकीय अधिकृत



## मनकामना दरौंदी हाइड्रोपावर कम्पनी लि.
बागबजार, काठमाडौं

### आवश्यकता

मनकामना दरौंदी हाइड्रोपावर कम्पनी लि.को प्रवर्धनमा गोरखा जिल्ला स्थित दरौंदी नदीमा निर्माणको चरणमा रहेको ९.८४ मेगावाट क्षमताको अर्ध जलाशययुक्त दरौंदी नदी जलविद्युत आयोजनाको लागि एक जना बरिष्ठ सिभिल इञ्जिनियर करार सेवामा नियुक्ति गर्न आवश्यक भएकोले देहाय बमोजिम योग्यता पुगेको नेपाली नागरिकहरूबाट दर्खास्त आव्हान गरिन्छ।

१. सिभिल इञ्जिनियरिङमा स्नातकोत्तर तह उतिर्ण गरी कम्तीमा १० मेगावाट क्षमताको जलविद्युत आयोजनामा भूमिगत सुरुङ र विद्युतगृह लगायतका संरचनाहरूको निर्माण तथा व्यवस्थापन सम्बन्धी कार्यमा ५ वर्षको कार्यानुभव वा सिभिल इञ्जिनियरिङमा स्नातक तह उतिर्ण गरी कम्तीमा १० मेगावाट क्षमताको जलविद्युत आयोजनामा भूमिगत सुरुङ र विद्युतगृह लगायतका संरचनाहरूको निर्माण तथा व्यवस्थापन सम्बन्धी कार्यमा १० वर्षको कार्यानुभव।
२. उमेरको हद ५५ वर्ष ननाघेको।
३. तलव तथा अन्य सुविधाहरू कम्पनीको नियमानुसार वा सम्झौता अनुसार
४. काम गर्नु पर्ने स्थान- आयोजना निर्माणस्थल, गोरखा, आबुखैरेनी नजिकै।
५. सेवा अवधीः ३ वर्ष
६. परिक्षाको किसिमः अन्तर्वार्ता
७. दर्खास्त दिने अन्तिम मितिः २०८२/०७/३० सम्म
८. दर्खास्त पेश गर्ने स्थानः कम्पनीको कर्पोरेट अफिस, होटल हार्दिक परिसर, बागबजार काठमाडौं वा यस कम्पनीको ईमेल mdhydro24@gmail.com



## PROCUREMENT NOTICE

United Nations Development Programme (UNDP) Nepal works with the People and Government of Nepal, and other development partners to pursue equitable and sustainable human development goals through eradication of poverty, increase in livelihood opportunities, improvement in community resilience against conflict, disasters and impact of climate change, while laying down strong foundation or a society based on rule of law with an inclusive and participatory democracy.

UNDP Nepal is soliciting quotations from interested organisations/firms/companies to provide the following goods:

| | |
|---|---|
| **Reference No.:** | Request for Quotation – **UNDP/RFQ/22/2025 (UNDP-NPL-00571)** |
| **Project/Agency:** | Green Transition in Nepal (GTiN) Portfolio / UNDP |
| **Purpose:** | Supply and Delivery of Three EVs (Cargo Container) |
| **Deadline for bid submission:** | **10 November 2025, 5:00 PM Nepal Time** |
| **Reference No.:** | Request for Quotation – **UNDP/RFQ/24/2025 (UNDP-NPL-00574)** |
| **Project/Agency:** | UNDP Nepal |
| **Purpose:** | Supply and Delivery of Long-Lasting Insecticide Nets (LLIN) |
| **Deadline for bid submission:** | **10 November 2025, 5:00 PM Nepal Time** |
| **Weblink:** | https://www.undp.org/nepal/procurement |
| **Who can apply:** | National/International organisations/firms/companies |
| **How to apply:** | As per the instructions in the detailed bidding document. |

# नेपालको लगातार तेस्रो हार

## कमजोर बलिङ र फिल्डिङपछि नेपाल ठूलो स्कोर रक्षा गर्न असफल

**कान्तिपुर संवाददाता** (काठमाडौं)



**नेपालका दीपेन्द्रसिंह ऐरी ब्याटिङका क्रममा ।** **तस्बिर** : क्यान

कमजोर बलिङ र फिल्डिङपछि नेपालले अमेरिकासँग विश्वकप लिग-२ क्रिकेटमा ४ विकेटको हार बेहोरेको छ । अमेरिकाले दुबईस्थित आईसीसी एकेडेमी मैदानमा शनिबार २ सय ७३ रनको विजयी लक्ष्य बनाउँदै नेपाललाई पराजित गरेको हो ।

टस हारेपछि ब्याटिङको निम्तो पाएको नेपाल ४९.५ ओभरमा २ सय ७१ रनमा अलआउट भएको थियो । दीपेन्द्रसिंह ऐरी र गुलशन झा जस्ता अनुभवी खेलाडीले क्याच छाड्न पुगेपछि अमेरिकाले ६ बल अगाडि लक्ष्य पूरा गर्‍यो ।

नेपालको दुबईमा यो लगातार तेस्रो हार हो । यसले नेपालको एकदिवसीय मान्यता जोगाउने अभियानलाई पनि संकटमा पारेको छ । नेपाल १९ खेलबाट १२ अंकमात्र जोडी ८ राष्ट्र सहभागी लिग-२ को सातौं स्थानमा छ । नेपालसँगको विजयपछि अमेरिकाले शीर्ष स्थानलाई थप मजबुत बनाएको छ । अमेरिका २३ खेलमा ३४ अंक जोडी दोस्रो स्थानको स्कटल्यान्डभन्दा ४ अंकले अगाडि छ । लिग-२ का शीर्ष चार टोली सोझै एकदिवसीय विश्वकप छनोटमा पुग्ने प्रावधान छ ।

अमेरिकालाई विजयका लागि अन्तिम दुई ओभरमा १२ रन आवश्यक थियो । तर नन्दन यादवले फालेको ४९ औं ओभरको चौथो र छैटौं बलमा हरमित सिंहले दुई छक्का प्रहार गरेपछि अमेरिकाले ६ बल अगाडि नै २ सय ७३ रन बनाएको थियो । हरमित ५ बल खेली १३ र सञ्जय कृष्णमुर्थी १३ बलमा १ छक्का प्रहार गरी १५ रन बनाई अविजित रहे ।

अमेरिकाको जितमा मिलिन्द कुमार पुनः एक पटक नायक बने । उनले ६६ बलमा ७० रन बनाए । यूएईमा भइरहेको यस शृंखलामा यो उनको लगातार तेस्रो अर्धशतक हो । नेपालविरुद्धको अघिल्लो खेलमा पनि उनले ५५ बलमा ७० रन बनाएका थिए । प्लेयर अफ द म्याच मिलिन्दले ७ चौका र १ छक्का प्रहार गरे ।

साइतेजा मुकामल्लाले पनि ७५ रन बनाए । १ सय १ बल खेलेका उनले २ चौका र १ छक्का प्रहार गरे । स्मित पटेल १६, सायन जहाँगिर ४२ बल खेली ५ चौका र १ छक्का प्रहार गरी ३६ र कप्तान मोनांक पटेल २८ बल खेली २ चौकासहित २१ रन बनाई आउट भए । मध्यक्रममा सुभम रञ्जनेले १२ बल खेली समान १ चौका र छक्कासहित १९ रन बनाए । नेपालबाट सन्दीप लामिछानेले १० ओभरमा ५५ रन खर्चेर ३ तथा नन्दन, करण केसी र गुलशनले १-१ विकेट लिए ।

यसअघि दीपेन्द्रको अर्धशतक र करणको आक्रामक ब्याटिङमा नेपालले अमेरिकालाई ठूलो लक्ष्य दिएको थियो । दीपेन्द्रले ६७ बल खेली २ चौका र ३ छक्कासहित ७५ रन बनाए । ४१ औं ओभरमा ब्याटिङका लागि आएका करणले ३१ बल खेली २ चौका र ३ छक्कासहित ४९ रन बनाएपछि नेपालले मजबुत स्कोर तेर्स्याएको हो ।

नेपालको सुरुआत राम्रो थिएन । आसिफ शेख २ रनमात्र बनाई आफूले सामना गरेको दोस्रो बलमै बोल्ड भए । ओपनर कुशल भुर्तेलले भीम सार्कीसँग दोस्रो विकेटका लागि ८६ रनको साझेदारी गरे । भीमले ५८ बल खेली ४ चौकासहित ४३ रन बनाए ।

कुशलले ६५ बल खेली समान २ चौका र छक्का प्रहार गरी ४७ रन जोडे । आरिफ शेख पनि २ रनमै आउट भएपछि कप्तान रोहित पौडेल र दीपेन्द्रले पाँचौं विकेटमा ८९ रनको साझेदारी गरे । अघिल्लो पटक शतक बनाएका रोहितले ४६ बल खेली २ चौकासहित ३६ रन बनाए ।

गुलशन झा ५ तथा नन्दन यादव र ललित राजवंशी समान १ रनमा आउट भए । सन्दीप लामिछाने ४ रनमा अविजित रहे । अमेरिकाका हरमितले ३ विकेट लिए । देब्रे हाते स्पिनर हरमितले १० ओभरमा ३३ रन खर्चे । उनले नेपालविरुद्धको अघिल्लो खेलमा ६ विकेट लिएका थिए । सौरभ नेत्राभाल्कर र जसदीप सिंहले २-२ तथा सुभम रञ्जनले १ विकेट लिए ।




# सत्यज्योतलाई च्यारिटी गल्फ





काठमाडौं (कास) सत्यज्योत राणाले हिमालयन स्विङ ओपन च्यारिटी गल्फ प्रतियोगिता जितेका छन् । रोटरी क्लब अफ हिमालयन गल्फर्सले उदीयमान महिला गल्फरहरूको सहयोगका लागि गोकर्ण फरेस्ट रिसोर्ट गल्फ क्लबमा शनिबार आयोजना गरेको प्रतियोगितामा सत्यज्योतले प्रभावशाली ४४ स्टेबलफोर्ड अंक बटुलेका थिए ।

रोबिन राणा ३६ अंकसहित दोस्रो भए । फुन्टशोक एन लामाले ३५ ग्रस स्कोरसहित उत्कृष्ट ग्रसको उपाधि र सर्वाधिक बर्डिजको उपाधि जिते । उनले ६ बर्डिज गरेका थिए । सिनियरतर्फको उपाधि टीजी श्रेष्ठले ३१ अंक जोड्दै जिते । अनिरुद्ध सिंहले २९ स्कोर गरेका थिए ।

'गल्फ फर अल' अभियानअन्तर्गत प्रतिभाशाली युवा गल्फर अवानी राईलाई व्यावसायिक तालिम र अध्ययनका लागि प्रायोजन गर्ने घोषणासहित यो प्रतियोगिता आयोजना गरिएको थियो । अवानीले नै महिलातर्फको यो उपाधि जितिन् । उनले ३२ स्कोर गरेकी थिइन् । सम्झना खत्री ३१ अंकसहित दोस्रो भइन् ।

रवीन्द्र तिवारीले रोटरियनतर्फको उपाधि जिते । विपना श्रेष्ठ र सोम गुरुङले क्रमशः क्लोजेस्ट टु द पिन र लङगेस्ट ड्राइभको उपाधि जिते । स्टेबलफोर्ड फर्म्याट १८ होलमा खेलिएको प्रतियोगितामा ८ महिलासहित १ सय ३ गल्फ खेलाडीले प्रतिस्पर्धा गरेका थिए । उद्योग तथा कानुनमन्त्री अनिलकुमार सिन्हाले विजयी खेलाडीलाई पुरस्कृत गरे ।

यो अभियानअन्तर्गत अवानीले भारतको कर्णाटकस्थित तरुण सरदेसाई गल्फ एकेडेमीमा पहिलो चरणमा एकमहिने प्रशिक्षण लिनेछिन् ।

# काठमान्डु गोर्खाजमा काउन्टी खेल्ने अलराउन्डर



काठमाडौं (कास)- काठमान्डु गोर्खाजले नेपाल प्रिमियर लिग (एनपीएल) का लागि चौथो विदेशी खेलाडी अनुबन्धन गरेको छ । अलराउन्डर बेन चार्ल्सवर्थलाई भित्र्याएको गोर्खाजले शनिबार जनाएको हो ।

देब्रे हातले ब्याटिङ र दाहिने हातले बलिङ गर्ने २४ वर्षे अलराउन्डरले ग्लोसेस्टरसायरबाट इंग्लिस काउन्टी खेल्दै आएका छन् । इंग्ल्यान्डबाट यू-१९ मा प्रतिनिधित्व गरिसकेका चार्ल्सवर्थ गत सिजन यूएईको आईएल टी-२० मा एमआई इमिरेट्स टोलीमा थिए ।

काठमाडौं स्पोर्ट्स डेभलपमेन्ट भेन्चर्स प्रालिको स्वामित्वमा रहेको काठमान्डु गोर्खाजले यसअघि नै इंग्ल्यान्डमा खेल्दै आएका दक्षिण अफ्रिकी विकेटकिपरब्याटर रिकार्डो भास्कोनेसेलोस, नामिबियाका कप्तान जेरहार्ड इरसमस र अमेरिकी ब्याटर मिलिन्द कुमारलाई यस सिजनलाई अनुबन्धन गरिसकेको छ ।

चार्ल्सवर्थले १७ वर्षको उमेरमा ग्लोसेस्टरसायरबाट प्रथम श्रेणीको क्रिकेटमा 'डेब्यु' गरेका थिए । त्यसयता उनी निरन्तर सोही टोलीबाट काउन्टीमा खेल्दै आएका छन् र ५७ खेलमा ३१ माथिको औसतमा २७५४ रन बनाइसकेका छन् । त्यसमा ४ शतक र १५ अर्धशतक छ । उनले ३० विकेट पनि लिएका छन् ।

चार्ल्सवर्थ २८ लिस्ट 'ए' खेलमा १ हजार रनको आँकडा छुनेक्रममा छन् । ट्वान्टी-२० मा उनले ४४ खेलमा ३ अर्धशतकसहित ७७६ रन बनाइसकेका छन् । उनले १४५ माथिको स्ट्राइक रेटमा यो रन बनाएका हुन् । उनले खेलेका ट्वान्टी-२० का सबै खेल भाइटालिटी ब्लास्टको हो ।

# सुदूरपश्चिमको प्रशिक्षण सुरु



काठमाडौं (कास)- सुदूरपश्चिम रोयल्सले दोस्रो सिजनको नेपाल प्रिमियर लिग (एनपीएल) का लागि शनिबारदेखि प्रशिक्षण सुरु गरेको छ । मुख्य प्रशिक्षक जगत टमाटाको नेतृत्वमा टोलीले काठमाडौं क्रिकेट एकेडेमी (केसीए) मा प्रशिक्षण थालेको हो ।

पहिलो दिन ५ खेलाडीको सहभागिता थियो । पहिलो सिजनमा उपाधि नजिक पुगेको सुदूरपश्चिम यसपालि उपाधि जित्ने लक्ष्यमा छ ।

मुख्य प्रशिक्षक टमाटाले दोस्रो सिजनका लागि टिम समन्वय राम्रो भएको र उपाधि जित्न आफूहरू विश्वस्त रहेको बताए । 'यो सिजन उपाधि जित्नेमा हामी विश्वस्त छौं, टिम झनै बलियो छ,' टमाटाले भने ।

मंसिर १ देखि २७ सम्म हुने एनपीएलका लागि सुदूरपश्चिम रोयल्स टिममा दीपेन्द्रसिंह ऐरी, आरिफ शेख, विनोद भण्डारी, विनाश बोहरा, दीपक बोहरा, मिलन बोहरा, हेमन्त धामी, इशान पाण्डे, टेक रावत, नरेन साउद, दीपेन्द्र थापा, स्कट कुग्गेलिजन, क्रिस लिन छन् ।

## छोटकरी

### यू-१९ भलिबल टोलीको बिदाइ

काठमाडौं (कास)- नेपाल भलिबल संघले काभा यू-१९ महिला भलिबल प्रतियोगिता खेल्न जाने नेपाली टोलीलाई शनिबार बिदाइ गरेको छ । श्रीलंकाको कोलम्बोमा कात्तिक १८ देखि २३ सम्म हुने प्रतियोगितामा नेपालसहित आयोजक श्रीलंका, माल्दिभ्स र किर्गिस्तानको सहभागिता रहनेछ । गत वर्ष माल्दिभ्समा सम्पन्न काभा यू-२० महिला भलिबल च्याम्पियनसिपमा नेपाल तेस्रो भएको थियो भने किर्गिस्तानले उपाधि उचालेको हो । नवनियुक्त खेलकुदमन्त्री बब्लु गुप्ताले नेपाली टोलीको बिदाइ गर्दै खेलाडीलाई राष्ट्रिय झण्डाको गौरव बढाउन सुझाए । उनले नेपालको राष्ट्रिय खेल भलिबलका लागि कभर्डहल बनाउन लैनचौरस्थित स्काउटको जग्गा लिनेबारे छलफल भएको जानकारी गराए । जेनिशा विश्वकर्माको कप्तानीमा रहेको नेपाली टोलीमा मीना सुनार, आशिका क्षेत्री, निशा महर, एन्जिला प्रधान, भावना तामाङ कृष्मा डाँगी, सम्झना नेपाली, प्रतिभा चौधरी, स्निता खत्री, रेविका लामा तामाङ र विनिता राना छन् ।

### करातेकी एरिका सम्मानित

काठमाडौं (कास)- कीर्तिमानी पदक विजेता कराते खेलाडी एरिका गुरुङ शनिबार सम्मानित भएकी छन् । क्यानडामा बसोवास गर्दै आएका मनमैंजु डोजोका प्रमुख प्रशिक्षक नीरज महर्जनले व्यक्तिगत रूपमा एरिकालाई सम्मान गरेका हुन् । मलेसियामा भएको डब्लूकेएफ कराते सिरिज वानमा स्वर्ण पदक जितेकीमा हौसलास्वरुप एरिकालाई ५० हजारसहित प्रशंसापत्रबाट सम्मान गरिएको हो । एरिका डब्लूकेएफ सिरिज वानमा पदक जित्ने पहिलो नेपाली खेलाडीसमेत हुन् । कार्यक्रममा मनमैंजु डोजोका अध्यक्ष तथा संयोजक विकास राजबाहकलगायत उपस्थित थिए । एरिकाले नोभेम्बर अन्तिममा इजिप्टमा हुने विश्व कराते च्याम्पियनसिपमा सहभागिता जनाउने छिन नि् । उनले युनिभर्सालिटी कोटामा इजिप्ट यात्रा पक्का गरेकी हुन् । उनीसँगै एकल काताकी सानुमाया थिङले पनि विश्व च्याम्पियनसिप खेल्ने छन् ।

### चन्दननाथ र जनसेवा फाइनलमा

जुम्ला (कास)- जिल्लास्तरीय खुला फुटबल प्रतियोगिताको फाइनलमा चन्दननाथ-३ र जनसेवा 'बी' युवा क्लब पुगेका छन् । सेमिफाइनलमा चन्दननाथले फोइकालिका युवा क्लबलाई १-० ले हराएको थियो । चन्दननाथका लागि दोस्रो हाफमा गोल भएको थियो । अर्को खेलमा जनसेवाले घोगेसिम युवा क्लबविरुद्ध २-० को जित पाएको थियो । जनसेवाले दोस्रो मिनेटमा पेनाल्टी गोलबाट अग्रता लिएको थियो । ४४ टिमले भाग लिएको प्रतियोगिताको फाइनल आइतबार टुँडिखेल मैदानमा हुने संयोजक राजबहादुर खत्रीले बताए । चन्दननाथ नगरपालिका वडा नम्बर ३ ले प्रतियोगिता आयोजना गरेको हो ।

# बुद्ध जन्मस्थलमा एनपीएल ट्रफी टुर

## लुम्बिनी लायन्सले एनपीएल जिते लुम्बिनी प्रदेश सरकारले ५ लाख १ हजार दिने



**दीपेन्द्र बडुवाल** (भैरहवा)

नेपाल प्रिमियर लिग (एनपीएल) को दोस्रो संस्करण सुरु हुनुपूर्व शनिबार रूपन्देहीमा ट्रफी टुर कार्यक्रम गरिएको छ । राजधानी काठमाडौंबाट बिहान साढे ९ बजे ट्रफी भैरहवा ल्याइएको थियो । विमानस्थलमा ट्रफी ल्याइएपछि बाजागाजासहित स्वागत गरियो ।

एनपीएलप्रति सर्वसाधरणको समर्थन र विश्वास आर्जन गर्ने उद्देश्यले बुद्ध एयरको जहाजबाट ल्याइएको ट्रफी 'रिसिभ' गर्न लुम्बिनी लायन्स क्लबका मालिक ईश्वर जीसी र रूपन्देही क्रिकेट संघका अध्यक्ष हरि थापा विमानस्थल पुगेका थिए । उनीहरूले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनलमा ट्रफी 'रिसिभ' गरेका थिए । पूर्व राष्ट्रिय कप्तान शक्ति गौचन, रूपन्देही क्रिकेट संघका पदाधिकारी, वर्तमान र पूर्व राष्ट्रिय खेलाडी विमानस्थल पुगेका थिए ।

एनपीएल टिम लुम्बिनी लायन्सका खेलाडी र समर्थक झण्डासहित स्वागत गर्न पुगेको थियो । ट्रफीको सम्मान र स्वागतका लागि नेपाल प्रहरीको ब्यान्ड आमन्त्रण गरिएको थियो । ट्रफी रिसिभ गरेर टर्मिनल बाहिर ल्याइएपछि समर्थकले ताली बजाएर स्वागत गरिएको थियो । लुम्बिनी लायन्सका मेन्टर शक्ति गौचनका अनुसार विमानस्थलबाट ट्रफीलाई र्‍याली र बाजागाजासहित बुद्ध जन्मस्थल लुम्बिनी पुर्‍याइएको थियो । त्यहाँ मायादेवी मन्दिर परिसरमा लुम्बिनी लायन्सको झण्डासहित ट्रफी प्रदर्शन गरिएको थियो ।

लुम्बिनी दर्शनपछि ट्रफी टुरमा सहभागी भैरहवास्थित सिद्धार्थ क्रिकेट रंगशालामा पुगेका थिए । रंगशालामा लुम्बिनी प्रदेशका युवा तथा खेलकुदमन्त्री सन्तोष पाण्डे र क्रिकेट संघका अध्यक्ष थापाले स्वागत गरेका थिए । रंगशालामा ट्रफी प्रदर्शन गरिएको थियो । ट्रफी अवलोकनका लागि क्रिकेटप्रेमी र सर्वसाधारण उपस्थित थिए । रंगशालामा आयोजित कार्यक्रममा लुम्बिनी प्रदेशका खेलकुद मन्त्री पाण्डेले लुम्बिनी लायन्सले एनपीएल उपाधि हासिल गरेमा प्रदेश सरकारले ५ लाख १ हजार रुपैयाँ पुरस्कार प्रदान गर्ने घोषणा गरे । दत्तचित्त भएर उपाधि जित्न कडा परिश्रम गर्न टिमका खेलाडीलाई लाग्न सुझाए ।

सिद्धार्थ रंगशालापछि भैरहवाको बेलहियामा रहेको खुकुरी क्लबले स्वागत कार्यक्रम गरेको थियो । त्यहाँ पनि ट्रफी प्रदर्शन गरिएको थियो । लुम्बिनी लायन्सका मालिक जीसीले यसपटक लुम्बिनीले एनपीएलको ट्रफी जित्ने विश्वास व्यक्त गरे । एनपीएल र ट्रफीप्रति सर्वसाधारणको समर्थन जुटाउन ट्रफी टुर आयोजना गरिएको जानकारी दिए । त्यसपछि तिलोत्तमा नगरपालिकामा रहेको एक्स्ट्राटेक ओभल क्रिकेट रंगशालामा ट्रफी पुर्‍याइएको थियो ।

एक्स्ट्राटेक लुम्बिनी लायन्सको घरेलु मैदान हो । त्यहाँ एक्स्ट्राटेकका प्रमुख विनोद कुँवरले ट्रफी र खेलाडीप्रति सम्मान व्यक्त गरेका थिए । त्यसपछि बुटवल उपमहानगरपालिका पुरातात्विक र ऐतिहासिक स्थल परिक्रममा गराइएको थियो । साँझ रूपन्देही र पाल्पाको सिमानामा रहेको सिद्धबाबा धाममा ट्रफी पुर्‍याइएको थियो । त्यसपछि मणिग्रामस्थित विश्राम वाटिका होटलमा औपचारिक कार्यक्रम गरेर टुर समापन गरिएको गौचनले जनाए ।

**कान्तिपुर पब्लिकेशन्स् लिमिटेड**द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्सः ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : **कैलाश सिरोहिया**, प्रबन्ध निर्देशक : **सम्भव सिरोहिया**, प्रधान सम्पादक : **उमेश चौहान**